राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३७, वैशाख १६ गते शुक्रबार, २०७९ (29 April, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘निर्वाचन सर्ने गुञ्जायसै छैन’ : प्रचण्ड

## स्थानीय निर्वाचलाई अधिकार प्राप्तिको लडाइँकै रुपमा लिनु आवश्यक

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** निर्धारित स्थानीय तहको निर्वाचन सर्छ भन्ने भ्रममा नपर्न नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विश्वास दिलाएका छन् । सत्ता गठबन्धन इमानदारीपूर्वक र पूरै शक्तिका साथ लागिपरेको भन्दै अध्यक्ष प्रचण्डले ‘निर्वाचन हुँदैन’ भन्ने कसैको भ्रममा नपर्न सबै पक्षलाई विश्वास दिलाएका छन् ।

‘देश अब निर्वाचन प्रक्रियामा होमिइ नै सकेको छ । पहिला स्थानीय तहको निर्वाचन बैसाख ३० गते तोकिएको छ र त्यो प्रक्रियामा सबै राजनीतिक दलहरू सक्रियतापूर्वक आ-आफ्नो स्थिति सुदृढ गर्नको लागि देशव्यापी अभियानमा लागिसकेका पनि छन् । तर बीच-बीचमा विभिन्न व्यक्ति र समुहहरूले र आमजनताले पनि निर्वाचन के हुन्छ भनेर पनि विभिन्न आशंकाको रूपमा हेर्ने गरिएको छ’ अध्यक्ष दाहाललेको भनाइ थियो- ‘म चाहिँ बडो पक्षसँग के भन्न चाहन्छु भने निर्वाचन सर्दैन । निर्वाचन बैसाख ३० गते नै हुन्छ । म गठबन्धनको बैठकबाट नै यहाँ उठेर आएको छु र गठबन्धन पूरै इमान्दारीताको साथ निर्वाचनको तयारीमा जुटिरहेको छ ।’ सञ्चारकर्मीमाझ अध्यक्ष प्रचण्डले थपे स्पष्ट पार्दै भने- ‘त्यसकारण निर्वाचन कहिँकतै सर्ने सम्भावना वा गुन्जायस देखिएको छैन । तर नेपालमा र हामी नेपालीमा के बिडम्बना देखिन्छ भने निर्वाचन हुने दिन बिहान पनि होइन निर्वाचन सर्छ रे नी भन्ने हल्ला र चर्चा हुने खालको बडो विचित्रको संस्कार देखिने गरेको छ ।’

आफूहरूको निर्वाचन सार्ने कुनै मनसाय नभएको स्पष्ट पार्दै अध्यक्ष दाहालले थपे- ‘म पत्रकार मित्रहरूमार्फत आम नेपाली जनता र सबै राजनीतिक दललाई भन्न चाहन्छु निर्वाचन सर्दैन । कम्तिमा हामी गठबन्धन र सरकारको कुनै पनि निकाय निर्वाचन सार्ने कुनै मनसायमा छैन र गठबन्धन सम्पूर्ण रूपले निर्वाचनको तयारीमा लागेको छ । देश निर्वाचनमा

क्रमशः अन्तिम पृष्ठमा

# ‘विप्लवका कमरेड’ हरूलाई विप्लवकै खुला-पत्र



**काठमाडौं ।** माओपार्टी तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा एकीकृत माओवादीबाट छुट्टिएर मोहन वैद्य ‘किरण नेतृत्व’मा बनेको नेकपा क्रान्तिकारी माओवादीबाट छुट्टिएर नयाँ दलको रूपमा भूमिगत राजनीतिकमा होमिएको र विगतमा निर्वाचन बहिष्कार गर्दै आएको नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको राजनीतिक दलभित्र आसन्न स्थानीय तहको निर्वाचनमा भाग लिने र नलिने भन्ने विषयलाई लिएर विवाद चर्किरहँदा विगतदेखि नै उक्त दलको विषयमा विकसित विभिन्न धारणा राख्नेहरूमाझमात्रै होइन उनका शुभ-चिन्तकहरूलाई नै उद्वेलित बनाइरहेको छ।

सोही विषयलाई लिएर उनका शुभ-चिन्तक अर्का ‘विप्लव’ बलराम तिमल्सिनाले भनेका हुन्- ‘मैले नजिकबाट हेरिरहेको र माया पनि गरेको एउटा राजनीतिक दल निर्वाचनमा भाग लिने कि नलिने भन्ने विषयको भुमरीमा फसेको छ । जानकारीमा आएसम्म केन्द्रीय समितिको बैठकको बहुमतले निर्वाचनमा सहभागी हुने व्यहोराको

क्रमशः अन्तिम पृष्ठमा

# यसरी गर्ने संवेगको व्यवस्थापन



**समय-सन्देश**

**गोपाल ढकाल**

जो-कसैले अभिव्यक्त गर्ने ‘भावनात्मक प्रस्तुति’ नै यथार्थतः ‘संवेग’ हो । माया, प्रेम, दुःख, सुख, आनन्द, चिन्ता, पीर, रिस, डाहा, इर्ष्या आदि सबै मानवीय संवेगहरू हुन् । मनोविज्ञानको भाषामा भन्नुपर्दा सुख, दुःख, हाँसो, रोदन आदि संवेग हुन् । यी कुरालाई मानिसले अनुभूति गर्न मात्र सक्छ ।

सुख, हाँसो, खुसी भावनासँग सम्बन्धित विषय हुन् । धन-सम्पत्ति हुँदैमा खुसी प्राप्त गर्न सकिन्छ नै भन्ने हुँदैन । सधैं सुखी भएर बाँच्न सक्नु पनि संवेग नियन्त्रणको एउटा राम्रो कला हो । त्यो व्यक्ति मात्र जीवनमा सुखी हुन्छ, जसमा मनोवैज्ञानिक तरिकाले बाँच्ने कला हुन्छ ।

सबैमा संवेगात्मक विकास एकै खालको हुँदैन । आफ्नो आन्तरिक अनुभूतिको विकास नै संवेगात्मक वा भावनात्मक विकास हो । संवेगले कार्यक्षमता, कार्यशैली र उपलब्धिलाई प्रत्यक्ष असर पुर्‍याउँदछ । सफल र सुखमय जीवनलाई संवेगले नै निर्धारण गर्छ । संवेगलाई सहीरूपमा व्यवस्थापन गर्न सकिएन भने त्यसले जीवनमा समस्या निम्त्याउँदछ ।

संवेग सकारात्मक र नकारात्मक दुवै किसिमका हुन्छन् । माया, प्रेम, सुःख, आनन्द सकारात्मक किसिमका संवेग हुन् भने दुःख, चिन्ता, पीर, रिस, डाहा, इर्ष्याजस्ता संवेग नकारात्मक संवेग हुन् । भावनात्मक सन्तुलन नहुँदा तथा रिस, चिन्ता, इर्ष्या, डाहजस्ता संवेगलाई व्यवस्थापन गर्न नसक्दा आन्तरिक शक्ति खल्बलिन पुग्दछ; आत्मविश्वास पनि कम भएर जान्छ ।

कतिपय मानिस भावनात्मकरूपले कमजोर हुन्छन । चाँडो रिसाउने, छिटै उत्तेजित हुने र

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ३७, वैशाख १६ गते शुक्रबार, २०७९

सम्पादकीय

# विक्षिप्त विप्लव र आन्दोलनप्रतिको धोका

नेत्रविक्रम चन्द 'विप्लव' नेपाली कम्युनिस्ट आन्दोलन र मूलतः नेपाली माओवादी आन्दोलनको सर्वाधिक चर्चितमध्येको एउटा नाम हो। १ फागुन, २०५२ मा सुरु भएको माओवादी दीर्घकालीन सशस्त्र जनयुद्ध २०६२/०६३ को दोस्रो जनआन्दोलनलगत्तै 'अन्त्य' भएको घोषणा गरिँदा नेपाली कम्युनिस्टहरू र आम श्रमिक वर्गमा छाएको गम्भीर निराशा र अँध्यारोका बीच मोहन वैद्य 'किरण' को नेतृत्वमा विप्लवलगायत युवा पुस्ताका आशालाग्दा नेताहरूले जगाएको धिपधिपे किरणमार्फत विप्लवहरूको उचाइ ह्वात्तै चुलिन पुगेको थियो।

पछिल्ला दिनहरूमा विप्लवमा देखिएको विक्षिप्तता, नाङ्गो, भद्दा र घीनलाग्दो विचलन एवम् दिशाहीनता तथा नेपाल राष्ट्र र नेपाली जनताको प्रमुख दुस्मनप्रतिको आश्चर्यजनक आकर्षणभावका कारण नेपाली माओवादी आन्दोलनलाई क्षतविक्षत तुल्याउने प्रमुख पात्र नै विप्लव पो रहेछन् कि क्या हो भन्ने प्रश्न कम्युनिस्ट आन्दोलनका शुभचिन्तक र आम जनमानसमा गहिरो गरी उब्जन पुगेको छ। एकीकृत, मजबुत र शक्तिशाली माओवादी आन्दोलनलाई एकढिक्का राख्दै त्यसभित्र देखापरेका विचलन र स्खलनहरूलाई रोक्न र समग्र रूपान्तरण गर्न सम्पूर्ण शक्तिका साथ बल गर्नुको सट्टा पटक-पटक विभाजित गर्न अगुवाई गर्ने र अन्ततः आफूमाथि विश्वास गर्ने/भर पर्ने कित्ता/समूहलाई दुस्मनको पाउमा सुम्पेर लम्पसार पर्ने जुन हविगत विप्लवमा देखियो, यो हर्कतले त विप्लव नै पो नेपाली माओवादी आन्दोलन समाप्त पार्ने मुख्य पात्र रहेछन् कि के हो भन्ने प्रश्न टड्कारोरूपले खडा हुन पुगेको छ।

नेपाली जनता, राष्ट्र र सिङ्गै कम्युनिस्ट आन्दोलनले हजारौं-हजारको त्याग-बलिदान, रगत, श्रम र पसिना खर्चेर पैदा एवम् विकसित गरेको नेतृत्व कुनै व्यक्तिविशेष मात्र होइन/हुँदैन; जनता र वर्गको सम्पत्ति हुन्छ/हो। अतः त्यस्तो प्रतिनिधिपात्रले असनको छाडा साँढे झैं फुक्काफाल भएर आफू र आफ्नो वरिपरिको साँघुरो झुण्डलाई मात्र घिसार्दै जतिबेला, जे मन लाग्छ, त्यही गरिहाल्ने छुट हुँदैन/हुनु हुँदैन। त्यसो गर्न थालेपछि त विगतमा सयौं पात्रहरू मिल्किए झैं समाप्त र निर्वस्त्र भएर सिनो झैं फोहोरको नालीमा मिल्किइनुको कुनै पनि विकल्प जुनसुकै 'विप्लव' हरूका सामु बाँकी रहँदैन।

# माओवाद, नेपाली समाज र आन्दोलनको दिशा



विचार-बहस
डा. ऋषिराज बराल

हामी एक्काइसौं शताब्दीको तेस्रो दशकमा प्रवेश गरेका छौं। एक्काइसौं शताब्दीको क्रान्तिकारी आन्दोलनको स्वरूप र दिशा कस्तो हुने भन्ने सन्दर्भमा आआफ्ना सोचाइ र बुझाइ अनुसार व्याख्या-विश्लेषण भइरहेका छन्। साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरू परम्परागत र नव-औपनिवेशिक दुवै प्रवृत्तिको प्रयोग गर्दै 'तेल युद्ध, 'व्यापार युद्ध, 'आतंकवाद विरोधी अभियान, विकास-अनुदान, प्रजातन्त्रको रक्षा आदिइत्यादि नाममा विश्वमा आफ्नो वर्चस्व कसरी कायम गर्ने भनेर प्रतिस्पर्धा गरिरहेका छन्। खास गरेर उनीहरू 'तेस्रो विश्व' का जनतामाथि युद्ध थोपरिरहेका छन्। आर्थिक, सैन्य र राजनीतिक शक्तिको विस्तार र प्रभुत्वका लागि भूमण्डलीकरण परियोजना दरिलो माध्यम बनेको छ। 'नेटो' का गतिविधि यथावत छन् र साम्राज्यवादी शक्तिहरूले ठाडै भौगोलिक आक्रमण समेत गरिरहेका छन्। उनीहरूको चरित्रमा खासै फेरबदल भएको छैन। पछिल्लो समयमा अफगानिस्तान, इराक, लिबिया, सिरिया, भेनेजुएला र युक्रेनमा भइरहेका गतिविधिले साम्राज्यवादी शक्तिहरू आफ्नो स्वार्थका लागि जे पनि गर्छन् र गर्दा रहेछन् भन्ने कुरा सत्य साबित भएको छ।

वर्गयुक्त समाजको समग्र इतिहास, त्यसमा पनि साम्राज्यवादी शक्तिको इतिहास सैन्यशक्तिका साथ बौद्धिक शक्ति पनि सँगै लिएर हिँडेको इतिहास हो। मठमन्दिर, चर्च, न्यासध्यान, पाठपूजा, पण्डित-पुरोहित, पादरी, स्वर्गनरक, आदर्शवाद र अधिभौतिकवादको भ्रमजालको विस्तारसँगै प्रतिक्रियावादी शक्तिले श्रमशोषण गर्दै र चेतनशक्ति र संज्ञानको सामर्थ्यमाथि अधिकार कायम गर्दै आएको हो र अहिले गरिरहेको काम पनि यही नै हो। साम्राज्यवादसित बन्दुकधारी सेना मात्र छैनन्, कलमधारी सेना पनि छन्, 'थिङ्क ट्याङ्क' का रूपमा काम गरिरहेका बुद्धिजीवीहरू छन्, लेखक-पत्रकार, प्राध्यापकहरूको जत्था छ। कम्युनिस्ट पार्टीको घोषणापत्र प्रकाशनयताको मात्रै इतिहास हेर्ने हो भने पनि साम्राज्यवादले कम्युनिस्ट पार्टीको घोषणापत्रले अघि सारेका मान्यताका विरुद्ध कसरी एकीकृत शक्ति प्रयोग गर्यो र गरिरहेको छ भनेर थाहा पाउन सकिन्छ।

स्टालिनको मृत्युपछि रूसमा मात्र नभएर सिंगो युरोपमा संशोधनवाद विरुद्धको संघर्ष कमजोर बन्दै गयो। 'रसियाली बीसौं पार्टी महाधिवेशन' पछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन दुई कित्तामा विभाजित भयो। वैचारिक पक्षका साथै भावनात्मक र भौगोलिक प्रश्नहरू पनि प्रभावी बन्न थाले। मार्क्सवाद-लेनिनवाद र समाजवादको रक्षाको प्रश्न चुनौतीपूर्ण बन्यो। माओले आफ्नो समयमा बोध गरेको मूलभूत प्रश्न यही थियो। क्रान्तिकारी निरन्तरतालाई कसरी अघि बढाउने भन्ने चिन्ता र चिन्तन माओका सामु थियो। पेरिस कम्युनदेखिको वर्गसंघर्ष र सर्वहारा वर्गको अधिनायकत्व सम्बद्ध मूल्यको रक्षा र विकासको प्रश्न प्रमुख प्रश्न बनेको थियो। यो रूस र चीनबीचको मात्र मामिला नभएर मार्क्सवाद-लेनिनवादको झण्डा दरोसित समात्ने कि संशोधनवाद र साम्राज्यवादपरस्त चिन्तन र व्यवहारलाई ढलीमली गर्न दिने भन्ने प्रश्न थियो। माओको नेतृत्वमा चलाइएको महान् बहस यसै ऐतिहासिक आवश्यकताको उपज थियो।

महान् बहस संशोधनवादका विरुद्ध मार्क्सवाद-लेनिनवादको रक्षाका लागि चालिएको एउटा महान् अभियान थियो। चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति यसैको पछिल्लो शृङ्खला हो। यी दुवैलाई एकअर्कासित सम्बद्ध र निरन्तरतामा हेर्नु आवश्यक छ। यी दुवै मार्क्सवादको रक्षा र विकाससित सम्बद्ध ऐतिहासिक शृङ्खला हुन्। यसरी हेरेपछि मात्र 'सन् १९६० को दशकको विश्वव्यापी उथलपुथल' लाई बुझ्न सकिन्छ र माओका योगदानहरूको विश्वव्यापी प्रभाव र सार्वभौम महत्वलाई पनि सही अर्थमा आत्मसात गर्न सकिन्छ।

चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति चिनियाँ कम्युनिस्ट पार्टीभित्र सलबलाउन थालेको दक्षिणपन्थी अवसरवादी प्रवृत्तिका विरुद्धको संघर्षमा मात्र सीमित नभएर यो मार्क्सवाद-लेनिनवादको रक्षा र विकाससित जोडिएको वैचारिक अभियान भएकाले यसले विश्वव्यापी प्रभाव पार्नु स्वाभाविक थियो। चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिले भौगोलिक रूपमा मात्र नभएर वैचारिक रूपमै माओ र उनको योगदानलाई विश्वव्यापी रूपमा स्थापित गरायो।

चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति आन्तरिक र बाह्य चुनौतीहरूको सामना गर्दै अघि बढिरहेको अवस्थामा सन् १९७६ मा माओको मृत्यु भयो। त्यसपछि चीनमा प्रतिक्रान्ति भयो र माओले स्थापित गरेका मूल्यहरूमाथि प्रहार गर्दै तेङ सियाओ-पिङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले पुँजीवादी बाटो समात्यो। यसले क्रान्तिकारी निरन्तरता अवरुद्ध पार्नुका साथै विश्व कम्युनिस्ट आन्दोलनलाई गम्भीर क्षति पुर्‍यायो। साम्राज्यवादी शक्तिहरू विश्व समाजवादी शिविरलाई ढाल्न चौबीसै घण्टा चिन्तित हुनु स्वाभाविक थियो, तर समाजवादी शिविरभित्रका दक्षिणपन्थी अवसरवादीहरू नै विश्व समाजवादी शिविरलाई तहसनहस पार्न अगुवा बनेर देखा परे। फलस्वरूप विश्व कम्युनिस्ट आन्दोलनमा एउटा चिन्तनधारा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिनको विरासतलाई आत्मसात गर्दै माओले अँगालेको दिशासित गाँसिएर निरन्तरतामा अघि बढ्यो भने अर्को धाराले बर्नस्टिन, काउत्स्की, ट्रट्स्की, ख्रुस्चेव लिउ साओ-ची र तेङ सियाओ-पिङको विरासतलाई निरन्तरता दियो। देशकाल र खास समाजको खास परिस्थितिमा यसका चरित्रहरूमा केही भिन्नता देखिन सक्छ तापनि आधारभूत रूपमा आजको वैचारिक-राजनीतिक संघर्ष यिनै दुई प्रवृत्तिबीचको संघर्ष हो।

चीनमा भएको प्रतिक्रान्तिले विश्वका विभिन्न कम्युनिस्ट पार्टीहरू तथा बौद्धिक क्षेत्रमा एक किसिमको अन्योलको स्थिति उत्पन्न गर्यो। माओको मृत्युपछि विश्व राजनीतिमा देखिएको अन्योलको असर सबैभन्दा बढी युरोप, त्यसमा पनि फ्रान्सेली बुद्धिजीवीहरूमा देखा पर्यो। क्रान्तिको चरित्र, वर्गसंघर्ष र समाज परिवर्तनका विशेषताहरूलाई सही किसिमले बुझ्न नसक्ता

क्रमशः पाँचौं पृष्ठमा

# यसरी गर्ने...

आक्रोश पोखिहाल्ने, चाँडै दुःखी हुने, सानातिना कुरामै चित्त दुखाउने, आत्तिने, रिस तथा आरिस गर्ने, असुरक्षित महसुस गर्ने, कुण्ठा पोख्ने इत्यादि गर्दछन्। बुद्धि-विवेक र चेतनालाई जाँच्ने मुख्य कसी भनेकै उसको संवेगात्मक व्यवहार हो। कसैको व्यक्तित्व एवम् स्वभावलाई मूलतः उसले/उनले प्रदर्शन गरेको संवेगका आधारमा नै विश्लेषण गरिन्छ।

कसैले व्यक्त गर्ने स्वभाव र भावनात्मक प्रस्तुतिलाई 'संवेगिक बुद्धि' भनिन्छ। संवेगलाई नियन्त्रण र सदुपयोग गर्न सक्दा नै सफलता हात पर्छ। 'दुःखमा नआत्तिने र सुखमा नमात्तिने' व्यक्तिलाई समाजमा सबैले मान्छन्; केही पर्दा सबैले उसैको सरसल्लाह लिन्छन्। त्यस्तो व्यक्तिलाई समाजमा 'बौद्धिक व्यक्तित्व' का रूपमा हेरिन्छ। यसविपरीत झट्ट रिसाइहाल्ने र रिसले 'अन्धो' हुने व्यक्तिलाई भने कसैले पनि राम्रो मान्दैन; प्रायः सबैले ऊसँग सङ्गत गर्न समेत रूचाउँदैनन्।

खुसी भएका बेला मानिसको मस्तिष्कबाट अक्सिटोसिन, डोपामिनजस्ता खुसी दिने हर्मनको सक्रियता बढ्छ, जसले सोच-विचार तथा भावनामा सकारात्मक प्रभाव पार्छ। सकारात्मक संवेग समेत यसैबाट पैदा हुन्छ। रिस, लोभ, डाहजस्ता नकारात्मक संवेग पैदा भएका बेला मस्तिष्कमा तनाव उत्पन्न हुने हर्मनको सक्रियता बढ्छ। यसले तनावको स्थितिमा झन् बढोत्तरी ल्याउँछ।

कतिपय अवस्थामा मानसिक रोगका कारण पनि संवेगलाई नियन्त्रण गर्न सकिइरहेको हुँदैन। 'मेनिया' भएको व्यक्ति चाँडै उत्तेजित हुने भएकाले यस्ता व्यक्तिलाई संवेग नियन्त्रण गर्न कठिन हुन्छ। 'सिजोफेनिया' जस्तो कडा मानसिक रोग लागेकाहरूलाई पनि सोच-विचार तथा भावनाको सन्तुलन गर्न कठिन हुन्छ। 'व्यक्तित्व' सम्बन्धी समस्या भएकाहरूलाई पनि भावना सन्तुलित राख्न मुस्किल परिरहेको हुन्छ। संवेगलाई नियन्त्रणमा राख्न नसक्दा 'न्याउरी मारी पछुतो' भने झैं हुन्छ।

समाजमा हत्या-हिंसा, लडाइँ, झै-झगडा, मारपिटजस्ता घटनाहरू घटिरहेका हुन्छन्। व्यक्तिले संवेगलाई नियन्त्रण गर्न नसक्दा नै यस्ता घटना घटन पुग्दछन्। संवेगलाई नियन्त्रण गर्न नसक्दा जो-कसैले पनि जीवनमा धेरै दुःख, आरोप-प्रत्यारोप, घृणा र तिरस्कार भोग्नुपर्छ; अरूसँगको सम्बन्ध बिग्रन जान्छ।

वस्तुतः संवेग नियन्त्रण गर्न नसक्नु भनेको मानसिक अस्वस्थताकै सङ्केत समेत हो।

पशुले र मानिसले व्यक्त गर्ने संवेगात्मक व्यवहारमा ठूलो भिन्नता छ। 'चेतना', 'विवेक', 'ज्ञान' र 'शिक्षा' नै यो भिन्नताका मुख्य कारण हुन्। अतः 'ज्ञानी' व्यक्ति आफूप्रति कसैले खराब व्यवहार गरिहाल्दा वा आरोप लगाइँदिँदा समेत 'शान्त' र 'शालीन' नै देखिन्छ तर 'मूर्ख' व्यक्ति भने झट्ट प्रतिक्रिया देखाउँछ र 'आगो ओकल्न' थाल्दछ।

'इख नभएको व्यक्ति र बिख (विष) नभएको सर्प काम लाग्दैनन्' भन्ने नेपाली उखान छ। मनमा 'इख' त राख्यो तर त्यसलाई व्यवस्थापन र सदुपयोग गर्न जानेन भने सकारात्मकभन्दा नकारात्मक परिणाम नै निम्तन्छ। संवेगलाई व्यवस्थापन र सदुपयोग गर्न जान्दा ठूलठूला उपलब्धि हासिल गर्न सकिन्छ। संवेग उत्पन्न गराउन सक्ने घटना र परिस्थितिलाई शान्त भएर सूक्ष्म अवलोकन एवम् मूल्याङ्कन गरी तिनको प्रकृति तथा स्वरूपबारे सचेत हुन सक्नुपर्छ। अरूको रूचि, इच्छा र भावनात्मक अवस्था एवम् 'मुड' लाई चिन्न र त्यसअनुरूप व्यवहार गर्न सक्दा नै सफलता हात लाग्छ। यसो हुन नसक्दा असमझदारी, कलह र वैमनस्यता अपरिहार्य हुन्छ।

अरूको मानसिक अवस्था बुझ्न सक्नु ठूलो कुरा हो। राजनीतिकर्मी, सेल्सम्यान, व्यापारी, काउन्सिलर आदिमा यो क्षमता अपेक्षाकृतरूपमा नहुँदा तिनले खासै सफलता पाउन सक्दैनन्। अरूको मनस्थिति र भावना बुझेर व्यवहार गर्दा सम्बन्ध राम्रो बन्छ; उनीहरूलाई सफलता-असफलता, हाँसो-खुसी, सुख-दुःखमा साथ दिन सकिन्छ।

संवेगात्मक बुद्धिका माध्यमबाट नै कसैले प्रदर्शन गरेका सकारात्मक एवम् नकारात्मक संवेगलाई व्यवस्थापन गर्न मद्दत मिल्दछ। आफ्नो भावना तथा संवेगात्मक अवस्थालाई बुझेपछि नै आफैंलाई ढाडस दिन अनि आफैंलाई उत्प्रेरित गर्न सकिन्छ। आफैभित्रबाट उत्प्रेरित र अभिप्ररित हुन सक्दा मात्र जीवनमा सफलता हात लाग्छ। आफ्नै भावनालाइ चिन्न नसक्दा जीवनमा कहिल्यै सन्तुष्टि मिल्दैन। आफ्नो संवेगलाई बुझ्न सक्दा हौसला, उत्साह र समर्पणभाव जागेर आउँछ।

सबै गलत क्रियाकलापका पछाडि सम्बन्धित व्यक्तिहरूले आफूमा भएको संवेगलाई नियन्त्रण गर्न नसक्नु मुख्य कारकतत्त्व रहेको पाइन्छ। लोभ-लालच र 'छिटै धनी हुने' तीव्र महत्त्वाकाङ्क्षाका कारण नै कसैले चोरी गर्छ; आफूले चाहेबमोजिम नहुँदा अरूलाई गाली गर्छ र झगडा गर्छ; काम बिग्रँदा र दुःख पर्दा निराश भएर जाँड-रक्सी तथा विभिन्न नशाको कुलतमा फस्न पुग्दछ।

अरुको त कुरै छाडौं, गौतम बुद्धलाई समेत एक पटक यस्तै संवेगात्मक समस्याले व्याकुल बनाएको पाइन्छ। वृद्ध-वृद्धा, रोगी र मृतकहरू देखेर गौतम बुद्ध निकै दुःखी भए। 'मानिस कसरी सुखी हुन सक्छ त' भन्ने कुराको खोजी गर्न भनेर नै उनी एक दिन उनी घरै छाडेर जङ्गल पसे।


त्यसपछि बुद्ध एकान्तमा बसेर भोकभोकै 'तपस्या' गर्न थाले। धेरै वर्षसम्म उनले यसरी नै तपस्या गरिरहे। क्रमशः उनी कमजोर हुँदै गए र नाजुक अवस्थामा पुगे। तैपनि 'समाधान' भने केही पनि भेटिनन्। भोक पनि एउटा संवेग नै हो, जसलाई नियन्त्रण गर्न गाह्रो पर्दछ। यो संवेगले बुद्धलाई पनि सताइरह्यो। जतिसुकै गर्दा पनि उनीले सुखको अनुभूति गर्नै सकेनन्। अन्ततः उनमा 'भोकै बसेर तपस्या गर्नु बेकार रहेछ' भन्ने चेत खुल्यो र खाना खान थाले। 'तपस्या' गर्ने क्रममा बुद्धले सबै किसिमका संवेगहरूलाई नियन्त्रण गर्न सिके। उनलाई सुखको अनुभूति हुन थाल्यो। सारतः त्यही नै उनको 'ज्ञान प्राप्ति' थियो।

बुद्धले 'सधैं साँचो बोल्नू', 'चोरी नगर्नू', 'लोभी नहुनू', 'सबै प्राणीमाथि दया गर्नू', 'शुद्ध आचरण राख्नू', 'सानो भनेर हेला नगर्नू', 'ठूलाको आज्ञा पालना गर्नू' आदिजस्ता 'उपदेश' दिँदै ती 'उपदेश' पालन गरेमा 'सुखी भइने' बताएका छन्।

संवेग नियन्त्रण गर्न नसक्दा नै मानिसले चोरी गर्ने, झुटो बोल्ने र आपराधिक क्रियाकलापमा सङ्लग्न हुने भएकाले ती काम नगर्नू भनेर बुद्धले सारतः संवेगलाई नियन्त्रण गर्न नै 'उपदेश' दिएका हुन्।

सबै किसिमका संवेगलाई नियन्त्रण गर्न र तिनलाई सदुपयोग गर्न सक्नु ठूलो सिप र क्षमता हो। यही क्षमताले नै जो-कसैलाई सफलताको चरमचुलीसम्म पुर्‍याउँदछ। (होलिस्टिकबाट)

# आवश्यकता : नेपाली विशिष्ट स्थितिको मौलिक क्रान्ति



विचार-दृष्टिकोण

नारायण शर्मा

नेपालमा समाजवाद उन्मुख पुँजीवादी जनवादी क्रान्ति र व्यवस्था (Bourgeoisie democratic revolution n system oriented to Socialism) को नयाँ, अग्रगामी र मौलिक रूप खोज्नु जरुरी भएको छ। नेपाली विशिष्टता र मौलिकतामा आधारित भएर मात्र नेपालमा कम्युनिस्ट क्रान्ति र व्यवस्थालाई पूर्ण र सफल बनाउन सकिन्छ ! यसरी मात्र नेपाल राष्ट्र, नेपाली जनता, नेपाली क्रान्ति र नेपाली व्यवस्थाको संरक्षण र सम्बर्द्धन गर्न सकिन्छ।

तत्पश्चात यस्तो नयाँ क्रान्ति र व्यवस्थाको मोडेललाई सर्वहारा अन्तर्राष्ट्रियतावादको भावनासहित अन्तर्राष्ट्रियकरण गरेर आफ्नो राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न सकिन्छ र सक्नुपर्छ।

यस्तो क्रान्ति र व्यवस्था नाम वा रूपमा केही भिन्न भए पनि काम वा सारमा मूलतः यो जनताको राष्ट्रिय  जनवादी नै हुन्छ।

तथापि यो चीनको जस्तो तरिकाले क्रान्ति भएर चीनकै जस्तो हुबहु मिल्ने नयाँ जनवाद नभएर यसमा नयाँ जनवादका आधारभूत कुराहरूका अतिरिक्त नेपाली मौलिकता र विशेषतामा आधारित भएर गरिने क्रान्ति हुनाले यसमा एकातिर थप जनवादी अधिकारहरू जनतालाई प्राप्त हुन्छन् भने अर्कातिर राष्ट्रिय स्वाधीनता, स्वाभिमान र सार्वभौमिकताको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइएको हुन्छ। यस्तो नयाँ स्वरूप खोज्नु पर्ने कारणमा एउटा त नेपालको भिन्न, विशिष्ट र मौलिक स्थिति हो भने अर्को कम्युनिस्ट नेताहरूका भ्रष्ट, दलाल र कायर चिन्तन र चरित्रका कारण पार्टी र आन्दोलनको बदनामी, बेइज्जति, विकृति, विसंगतिका कारण जनतामा बढेको वितृष्णा, विद्रोह र विष्फोट भावना पनि हो।

त्यसैले सर्वप्रथम नेपाली मौलिकता र विशेषताबारे  पहिचान गर्नु र नेपाली विशेषतामा आधारित भएर केही भिन्न र नयाँ तरिकाले क्रान्ति सम्पन्न गरी नयाँ व्यवस्थाको स्थापना गर्नु वाञ्छनीय मात्र नभै बाध्यता नै हुँदैछ।

यहाँनेर क्युबामा फिडेल क्यास्ट्रोहरूले कम्युनिस्ट नेता र पार्टीहरू यहाँ जस्तै बदनाम भएपछि उहाँहरूले कम्युनिस्ट र मार्क्सवाद समेतको  नामै नलिइकन कम्युनिस्ट क्रान्ति सम्पन्न गरी केही राम्रा कामहरू गरिसकेपछि मात्र आफूहरू कम्युनिस्ट भएको घोषणा गर्नु भएको घटना-प्रक्रिया स्मरणीय हुन आउँछ।

यसले पनि नयाँ र भिन्न प्रकृतिले क्रान्ति गर्ने कुरा सम्बन्धित देशको विशिष्टता र मौलिकतामा आधिरित हुँदै मालेमाको आलोकमा गर्ने कुरा जरुरी छ भन्ने स्पष्ट हुन्छ।

मौलिकता शब्द मूल+इक+ता मिलेर बनेको छ।

यसको अर्थ कुनै व्यक्ति, वस्तु वा देश विशेषको आफ्नो पहिचान र महत्वसँग सम्बन्धित विशेष, नयाँ, भिन्न, अद्वितीय कुरा भन्ने हुन्छ। विशिष्टता भन्नाले पनि करिब यस्तै अर्थ हुन्छ। कुनै वस्तु वा व्यक्ति अथवा स्थान कुनै अर्कोभन्दा फरक पार्ने गुण, लक्षण वा कामलाई जनाउने शब्दलाई विशेष भनिन्छ।

यही विशेष कुराले नै सम्बन्धित वस्तु, व्यक्ति वा स्थानको पहिचान, मूल्य र महत्व झल्काउँछ।

यही विशेष पहिचानलाई विशिष्टता भनिन्छ जो अन्यत्र प्रायः  पाइँदैन।

यसरी हेर्दा नेपालका त्यस्ता नयाँ, भिन्न र विशेष अर्थ र महत्वका आफ्नै पहिचान र अर्थ झल्काउने मूल कुराहरू अर्थात् मौलिकता र विशिष्टताहरू के हुन् त भन्ने बुझ्नु जरुरी हुन्छ।

ती मौलिकता र विशिष्टता मुख्यतः यी हुन् : -

नेपाल सदा स्वतन्त्र राष्ट्र भएर पनि सन् १८७२ को सुगौली सन्धिदेखि नवउपनिवेश बन्ने क्रममा तीव्रता र पूर्णताको दिशामा गइ आज देश  साम्राज्यवादी-विस्तारवादीहरूको नवउपनिवेस बनिसकेको छ।

वर्णाश्रम व्यवस्थाको व्याख्या, बुझाइ र व्यवहारले समाजमा वैमनस्य, विद्रोह र विभाजन ल्याएको, भूराजनीतिक संवेदनशीलता भएको,  भूपरिवेष्ठित अवस्था र खुला सिमाना आदिका कारण अन्य अतिक्रमणका साथै जनसांख्यिक अतिक्रमण समेत भैरहेको, दुई ठुला छिमेकी शक्तिराष्ट्रको मात्र होइन,

यो देश विश्वसाम्राज्यवादका मुख्य नाइकेहरू अमेरिका, युरोपलगायतका महाशक्ति राष्ट्रहरूको रणनीतिक र सामरिक चिन्ता, चासो र चलखेलको केन्द्र बनिरहेको,

बहुजातीय/नस्लीय, भाषिक, धार्मिक र सांस्कृतिक अवस्थाभएर पनि एउटा हावी भएकोले फुटाउ र शासन गर भन्ने साम्राज्यवादी नीति लागू भैरहेको,

पूर्वीय ज्ञान-दर्शन र शास्त्रहरूको उद्गमभूमि, तपोभूमि र यज्ञभूमि रहिआएको अवस्था र प्राचीनतम पूर्वीय सभ्यता र संस्कृतिको उद्गमस्थल रहेको अवस्था, कृषिप्रधान देश भएर पनि कृषि उपजमा समेत परनिर्भर भएको,

किसानबहुल समाज भएर पनि खेतीकिसानी गर्ने युवा शक्ति वैदेशिक रोजगारीमा गएको र रेमिटेन्सले अर्थतन्त्र धानेको, पढेलेखेका युवाहरूमा मात्र होइन जिम्मेवार प्रौढहरूमा समेत पश्चिमा देशहरूप्रति मोहनी लागेको, देशमा बस्ने युवा, प्रौढ र बृद्धबृद्धा सबैजसोमा, तिनमा पनि निष्ठा, नैतिकता र विचार-सिद्धान्तको राजनीति गरेकाहरू सबैजसो पार्टी र क्षेत्रमा उपेक्षा र उत्पीडनमा परेको तर खाओ-कमाओवाद र गुट-लुटवादको हालीमुहाली र हुकुम-हैकम हावी रहेकोले देश, राजनीति र नेताप्रति आम अविश्वास र वितृष्णा भएको, दलालीकरण, उदारीकरण र औपनिवेशीकरण र भ्रष्टीकरणले देशको अस्तित्त्व नै संकटग्रस्त बनेको, आर्थिक रूपले देश टाट पल्टिनै लागेको, सरकार र सदनका आसपासका नेता-कार्यकर्तामा भ्रष्ट, भिखारी, भीरू, भँडुवा, भाते र भाटे जस्ता भयंकर विकृत चिन्तन र चरित्र हावी भएको, कथित कम्युनिस्टहरू दुई तिहाई शक्तिसहित सरकारमा जाँदा पनि देसलाई स्थिरता, सुशासन, शान्ति, सुरक्षा, समानता, स्वतन्त्रता, स्वाधीनता, स्वविवेक र स्वनिर्भरताको क्षेत्रमा सकारात्मक भन्दा नकारात्मक कामहरू गरेको, कम्युनिस्ट पार्टी र आन्दोलन गुट, फुट र लुटको सिकार भएर जनता-कार्यकर्तामा बढेको अकर्मण्यता, निराशा, पलायन, वितृष्णा र विद्रोहका प्रवृत्तिहरू बढेर विष्फोटको वातावरण बनेको, हरेक दशक जसोमा देशको अवस्था विष्फोटक बन्ने र त्यो शान्तिपूर्ण र संयुक्त जन आन्दोलन र सशस्त्र क्रान्तिकारी जन विद्रोहका भुल्का र झिल्काहरू देखापर्ने गरेका छन्।

तर तिनबाट प्राप्त उपलब्धिहरू उल्टै जनता र देशलाई निरर्थक र प्रत्युत्पादक जस्तै भएका समेत छन्। परिणामस्वरूप आज देश इतिहासमा कहिल्यै नपरेको आर्थिक संकटमा परेर टाट पल्टेको घोषणा गर्न मात्र बाँकी छ।

यी विविध कुराहरू नै नेपालका मौलिकता र विशिष्टता हुन्।

त्यसैले यिनलाई हेरेर नै नेपाली क्रान्तिको नयाँ बाटो र नेपाली व्यवस्थाको नयाँ मोडेल अर्थात् समाजवाद उन्मुख नेपाली जनवादी व्यवस्थाको नयाँ र मौलिक रूपरेखा कोर्नु पर्छ।

यसपछि मात्र नेपालमा समाजवाद उन्मुख राष्ट्रिय जनवादी क्रान्ति कसरी हुन्छ र क्रान्तिपछिको कस्तो व्यवस्थाले के-कस्ता काम गर्छ भन्ने कुरा छर्लङ्ग हुन्छ।

त्यसैले यसै अनुसार गर्नु नयाँ सोच, शक्ति र शैलीअनुसार नयाँ क्रान्ति गरेर अघि बढ्नु नै नितान्त वैज्ञानिक, वस्तुवादी र सही हुन्छ भन्ने देखिन्छ।

यसो भएमा मात्र एकातिर नयाँ विचार, नयाँ पार्टी, नयाँ बाटो र नयाँ व्यवस्थाको विकास हुने र यसप्रति जन आकर्षण र विश्वास बढ्ने गर्छ। त्यससँगै क्रान्ति पनि नयाँ शिराबाट थालनी भै  विकास, विस्तार र विजयसम्म पुग्ने कुरा सुनिश्चित हुन्छ !

Why to choose us?

No Load Shading Problem
Sufficient Inverter System

24 Hrs. Internet Facilities

Well-equipped Computer Lab with Desktop PCs and Laptops

Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time

Experienced Instructors

Computer Software Training

Computer Hardware/Maintenance Training

Mobile & Electronics Training

English Language & Tuition




Govt. Regd. No.: 34623/523

Multichannel Institute

Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# कानुनको उपहास गर्दै न्यायाधीश फुँयालद्वारा गर्भनरको पद थमौती




**काठमाडौं ।** सर्वोच्च अदालतका न्यायधिश हरि फुयाँलले मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ विपरित निलम्बित गभर्नर महाप्रसाद अधिकारीको मुद्धामा सुनुवाई गरेपछि न्यायालयप्रति सर्वत्र औंला उठेको छ ।

ऐनको दफा २७१ मा 'स्वार्थ बाझिएको मुद्धा हेर्न नहुने' सम्बन्धी व्यवस्था अनुसार दफा २७१ को १ मा न्यायधिशले देहायको मुद्धाको कारबाही, सुनुवाई र किनारा गर्नु हुँदैन एवं सोही दफाको खण्ड (ख) मा कुनै बखत निज (न्यायधिश) वारेस, कानून व्यवसायी वा साक्षी भएको मुद्धा न्यायधिशले हेर्न हुँदैन भन्ने व्यवस्थाको बरखिलाफ उक्त सुनुवाई गरिएको हो ।

कानुनी व्यवस्थालाई मिचेर न्यायधिश फुयाँलले अधिकारीको मुद्धा ऐन विपरित सुनुवाई गरेको ठहर गरिएको छ । गभर्नर अधिकारी लगानी बोर्डको कार्यालयमा प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्ती हुँदा समेत उनको शैक्षिक योग्यतालाई लिएर मुद्धा परेको थियो । उतिबेला पनि हरि फुयाल महान्यायाधिवक्ताको भूमिकामा रहेका थिए ।

बोर्ड सिइओको रूपमा अधिकारी विरुद्ध मुद्धा परेपछि फुयाँलले महान्याधिवक्ताको रूपमा अधिकारीको पक्षमा बहस, पैरवी गरेका थिए । अधिकारीको शैक्षिक योग्यतालाई लिएर दायर मुद्धा अहिले पनि अदालतमा विचाराधीन नै छ ।

'अधिकारी लगानी बोर्डको सिइओ हुँदा उनको पक्षमा बहस, पैरवी गर्ने तत्कालिन महान्याधिवक्ता फुयालले आफू न्यायाधिश भएपछि अधिकारी विरुद्धको अर्को मुद्धा हेर्न मिल्ने थिएन' एक कानून व्यवसायी भन्छन्, 'उनले ऐन विपरित आफ्नो इजलाशमा मुद्धा राखेर कानुनकै उपहास गरेका छन् ।'

उक्त मुद्धाको सुनुवाईका क्रममा निलम्बित गभर्नर अधिकारीको पक्षमा बहस गर्ने वकिलहरूको मात्रै एकतर्फी धारणा सुनेर न्यायधिश फुयाँलले अल्पकालिन अन्तरिम आदेश जारी गरेका छन् । जुन न्यायसंगत नभएको कानून व्यवसायीहरूको भनाई छ । 'न्यायधिश फुयाँलले मुद्धाको पक्षमा बहस गर्ने वकिलहरूको एकोहोरो बहसलाई मात्रै आधार मानेर निवेदकको मागअनुसारको आदेश जारी गरेका छन् । यस्ता उच्चस्तरीय मुद्धामा सरकारी वकिल तथा विपक्षी बनाइएका पक्षको वकिलहरूको धारणा मात्र होइन सबैको धारणा सुनेर मात्रै आदेश जारी गर्नुपर्ने थियो' कानुन व्यवसायीहरूको मत छ ।

गत चैत २४ को मन्त्रिपरिषद बैठकले गभर्नर महाप्रसाद अधिकारीमाथि छानबिन गर्न राष्ट्र बैंक ऐन, २०५८ अनुसार जाँचबुझ समिति गठन गरेको थियो । गभर्नर अधिकारीले श्रीलङ्का जस्तो स्थितिमा नेपाल पुग्न सक्दैछ भन्दै सर्वसाधारणलाई भ्रमित पार्ने काम गर्दै आएको, बढ्दो ब्याजदर नियन्त्रण गर्न उदासिन भएको, पुनकर्जा र सहुलियत कर्जा शीर्षकमा प्रवाह भएको ४ खर्ब रूपैयाँ भन्दा बढी ऋण उत्पादनमुलुक क्षेत्रमा पठाउन कडाई नगरेको, बढ्दो आयात नियन्त्रणमा उदासिन देखिएको लगायत कैफियत भेटिएपछि सरकारले उनको पदीय जिम्मेवारी पूरा भए, नभएको अध्ययन गर्न जाँचबुझ समिति गठन गरेको थियो ।

राष्ट्र बैंक ऐन, २०५८ को दफा २२ को उपदफा ५(ख) मा बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नुपर्ने कार्यहरू कार्यान्वयन गर्न, गराउन कार्य क्षमताको अभाव भएमा वा मुलुकको बैंकिङ एवं वित्तिय अवस्थामा हानी नोक्सानी हुने कार्य गरेको देखिएमा वा नेपाल राष्ट्रबैंकको काम कारबाहीमा बदनियत समेत गरेको देखिन आएमा गभर्नरमाथि छानबिन गर्न जाँचबुझ समिति बनाउन सकिने बारे ऐनको दफा २३ मा व्यवस्था छ ।

दफा २३ मा 'जाँचबुझ समिति गठन' व्यवस्था गर्दै 'सरकारले दफा २२ को उपदफा २ बमोजिम गभर्नरलाई पदमुक्त गर्नुअघि सर्वोच्च अदालतबाट अवकाश प्राप्त न्यायाधिशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति अध्यक्ष र आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, बाणिज्य तथा व्यवस्था क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूबाट नेपाल सरकारले तोकेको दुई व्यक्ति सदस्य रहने गरी जाँचबुझ समिति गठन गर्न सक्ने व्यवस्था छ । ऐनको उक्त व्यवस्थाअनुसार मन्त्रिपरिषद् बैठकले महाप्रसादमाथि छानबिन गर्न समिति बनाएको थियो ।

सोही मौजुदा ऐन विपरित न्यायधिश फुयाँलले आफ्नो पदीय दायित्व समेत भुलेर सरकारद्वारा निलम्बित गभर्नरलाई नियमित कामकाजमा फर्कने गरी अल्पकालिन अन्तरिम आदेश जारी गरी ऐन र कानुनी व्यवस्थाकै धज्जी उडाएको कानुन व्यवसायीहरूको जिकिर छ ।

# विप्लव नेकपाको केस बैठक : के–के गर्‍यो निर्णय ?




**काठमाडौं ।** चुनाव बहिस्कार पनि नगर्ने र प्रत्यक्ष भाग पनि नलिने कपिलवस्तु बैठकको निर्णय भएपनि विप्लव र प्रकाण्डले पार्टी दर्ता गराउन खोजेपछि नेकपामा विवाद सुरु भएको छ । 'हामी त चुनवा बहिस्कारवाला हौं, चुनावमा आउँदैनौं' भनेको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले राजधानी छिरेसँगै 'स्थानीय तह निर्वाचनमा दलीय रूपमा सहभागी नहुने, तर उपयोग गर्ने' भन्दै सो दलका नेताहरू राजनीतिक खुसामत गर्ने दौडधुपमा व्यस्त बनिरहेका छन् ।

कपिलवस्तुबाट केन्द्रीय समितिको बैठकमा विप्लवले चुनावमा जाने प्रस्ताव राखेका पनि उनको प्रस्ताव अल्पमतमा परेपछि दलीय रूपमा सहभागी नहुने, तर उपयोग गर्ने मध्यमार्गी निर्णय गरेर राजधानी काठमाडौं छिरेलगतै नेताहरू राजनीतिक भेटवार्ताको दौडधुपमा निस्किएका हुन् ।

अहिले विप्लवसहितका नेताहरूले अरु दलका नेताहरूलाई भेटेर आफूहरू चुनावमा सहभागी हुन चाहेको सन्देश दिने गरेका छन् । अर्को पक्षका नेताहरूले भने 'हामी त चुनाव बहिस्कारवाला हौं, चुनावमा आउँदैनौं' भन्ने गरेका छन् ।

महासचिव विप्लव र प्रवक्ता प्रकाण्ड पक्षका नेताहरूले सरकारी अधिकारी र दलका नेताहरूलाई चुनावमा सहभागी हुने भन्दै भेटघाटलाई तीव्र बनाएका थिए । यसै सीलसीलामा 'प्रकाण्ड' दल दर्ता र पुनः मतदाता नामावली संकलनको व्यवस्था गरिदिन आग्रह गर्दै निर्वाचन आयोगमै पुगेका थिए । सरकारका अधिकारीहरूले हुन्छ नभने पनि अस्वीकार समेत नगरेका कारण चैत २४ मा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' निर्वाचन आयोग नै पुगे ।

सोही क्रममा विप्लव र प्रकाण्डले ३० चैतमा प्रधानमन्त्रीको निवास बालुवाटारमा पुगेर प्रधानमन्त्री शेरबहादुर देउवासहित गृहमन्त्री बालकृष्ण खाँण, प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, महान्यायाधिवक्ता खम्मबहादुर खाती लगायतसँग छलफल गरेका थिए । फेरि बैशाख दुई गतेमा प्रकाण्डले गृहमन्त्री खाँणसँग पुनः भेट गरेका थिए ।

यसरी निरन्तर रूपमा चुनाव पक्षधर नेताहरूले दौडधुपलाई जोड दिँदै लगेपछि पार्टीभित्रकै चुवान विरोधी नेताहरूले पनि राजनीतिक भेटघाटको थालनी गरे । अघिल्लो दिन बैशाख एक गते नेता धर्मेन्द्र बास्तोला र हेमन्तप्रकाश वली खुमलटार पुगेर नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटघाट र छलफल गरेका थिए ।

यस्तैगरी त्यसलगत्तै आइतबार बास्तोला र वलीले कोटेश्वरमा पुगेर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई पनि भेटेका थिए ।

चुनावका पक्षधार र चुनावविरोधी दुवै पक्षका नेताहरूले तीनबुँदे सहमति कार्यान्वयन र बन्दीहरूको रिहाइबारे छलफल गरिएको बताए पनि त्यो त्यतिमै सीमित नभएको जानकारहरू बताउँछन् । चुनाव पक्षधर नेताहरू विप्लव र प्रकाण्डले आफूहरूलाई पनि चुनावमा पनि सहभागी गराउनुपर्ने भन्दै 'लबिइङ' गरेका छन् भने विपक्षी नेताहरूले आफ्नो पार्टी चुनावको पक्षमा नरहेकोमा नेताहरूलाई बुझाइरहेका छन् ।

दुवै पक्षका नेताहरूसँग भेटका माओवादीका अध्यक्ष प्रचण्डले विप्लवहरूले आफूहरूलाई चुनावमा आउने वातावरण बनाउन गरेको आग्रहप्रति आफूहरू सकारात्मक रहेको बताए । 'विप्लव जी चुनावमा आउने भनेर सबैसँग भेटघाट गरी राख्नुभएको छ,' अध्यक्ष दाहालले सोमबार भएको पत्रकार सम्मेलनमा जानकारी दिएका थिए- 'सबै पक्षसँग कुराकानी पनि भइराखेको छ । केपी ओली र विप्लवबीच भएको तीनबुँदे सहमतिलाई सकारात्मक रूपमा लिएर समर्थन गरेका थियौं । उहाँ (विप्लव)हरू निर्वाचनमा आउन चाहेको हुनाले सकेसम्म सबै मिलेर सकारात्मक वातावरण बनाउनुपर्छ भन्ने छ ।'

'यो चुनाव रोक्नुहोस्, हामीसँग छलफल गर्नुहोस् । जे समझदारी हुन्छ, त्यस अनुसार मात्रै जान्छ भनेका छौं' प्रकाण्डले आफूहरूलाई चुनावमा सहभागी हुने वातावरण बनाउन सरकार र दलहरूलाई आग्रह गरेको भन्ने गरेका छन् । चुनाव रोकेरै आफूहरूसँग छलफल गर्न सरकार तयार रहेको उनको दाबी छ- 'चुनाव रोकेर हामीसँग छलफल गर्न सरकार सकारात्मक छ, प्रतिपक्ष सकारात्मक भइसकेको छैन ।'

यसैबीच अध्यक्ष प्रचण्डले मुद्दा फिर्ता गरेर विप्लवहरूलाई सहभागी गराउने तर्फ कुराकानी भइरहेको जानकारी दिएका छन् । विप्लव समूहका प्रवक्ता प्रकाण्डले मुद्दा फिर्ताको विषय एकाध दिनमा टुंगिने र त्यसपछि चुनावबारे छलफल हुने बताए ।

विप्लव समूहको चुनवाविरोधी पक्षका नेताहरूले पार्टीको नीति चुनावमा जाने नभएको बताइरहेका छन् । 'हाम्रो नीति अहिले चुनावमा भाग लिने छैन् भन्ने हामीले बतायौं' अध्यक्षद्वय प्रचण्ड र माधव नेपालसँग भेट गरेका नेता धर्मेन्द्र बास्तोलाले खुलाए । बास्तोलाले चुनावको उपयोग नगरे पनि प्रतिवाद गर्ने नीति नलिएकोमा नेताहरूले खुसी प्रकट गरेको बताए । 'नेताहरूले तपाईंहरूले चुनावको प्रतिरोध गर्ने निर्णय गर्नु भएन, राम्रो गर्नुभयो भन्नुभयो' नेता बास्तोलाको भनाइ थियो ।

विप्लवका प्रवक्ता प्रकाण्डले मुद्दा फिर्ताको विषय छिट्टै टुंगो लाग्ने र चुनावबारे छलफल हुने बताए । सोही समूहका नेता धर्मेन्द्रले चुनावमा जानेबारे विप्लव र प्रकाण्डले गरेको जोड व्यक्तिगत भएको बताए- 'चुनावमा जाने व्यक्तिको हो, पार्टीको कुरा चुनावमा नजाने भन्ने हो । 'चुनावमा भाग नलिने, उपयोग नगर्ने भन्ने पार्टीको नीति हो । पार्टी दर्ता गर्ने, चुनावमा जाने, आदि, इत्यादि कुरा उहाँहरूको व्यक्तिगत हो ।'

कपिलवस्तुको शिवगढीमा चैत दोस्रो साताबाट सुरु भएर एक हप्ताभन्दा बढी चलेको केन्द्रीय समितिको बैठकमा विप्लवले स्थानीय चुनावमा जानुपर्ने प्रस्ताव लगेका पनि उनको सो प्रस्ताव अल्पमतमा परेको थियो । विप्लव, प्रकाण्ड र केही केन्द्रीय सदस्य मात्रै चुनावको पक्षमा उभिँदा बहुमत नेता विपक्षमा परेपछि विप्लवले चुनावबारे मध्यमार्गी नीति लिन बाध्य बनेका थिए ।

'आगामी स्थानीय चुनावमा पार्टी दर्ता गरेर उपयोग नगर्ने तर एमसीसी एवं राष्ट्रघात विरोधी प्रतिनिधिहरूलाई सहभागी गराउने र सहयोग गर्ने' निर्णयमा उल्लेख छ- 'संसदीय व्यवस्थाको भण्डाफोर गर्ने निर्णय लिइएको छ ।'

# पाँचदलीय गठबन्धनमा तालमेलको सहमति : विरोधीतर्फ खैलाबैला

**काठमाडौं ।** आगामी स्थानीय तहको चुनावमा तालमेल गरेर जाने सत्तासाझेदार दलहरूसँग सहमति भएको छ । सत्ता गठबन्धनमा दलबीच महानगर र उपमहानगरको चुनावी तालमेल गरेर नै उम्मेदवारी दिने सहमति भएको हो ।

सहमतिपछि यसअघि देखिएका असहमतिलाई हल गर्दै स्थानीय निर्वाचनमा एकढिक्का भएर जाने वातावरण तय भएको गठबन्धननिकट नेताहरूले बताएका छन् । गठबन्धनको सहमति सँगसँगै प्रतिगामी र परिवर्तन विरोधी कित्ताको चकनाचुर भएको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको गठबन्धनको बैठकमा सहमति बनेपछि पाँच दलका शीर्ष नेताले सहमतिपत्रमा हस्ताक्षर गर्दै सो कुराको खुलासा गरेका हुन् ।

प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित पाँच दलका शीर्ष नेताहरू नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, उपेन्द्र यादव र दुर्गा पौडेललगायतले सहमित पत्रमा हस्ताक्षर गरेसँगै महानगर र उपमहानगरको प्रमुख र सहायक नेतृत्व कसले गर्ने भन्ने विषय टुंगो लागेको हो ।

गठबन्धनमा लगातारका बैठक र छलफलपछि चुनावमा एकजुट भएर जानेतर्फ सम्बन्ध थप सुदृढ भएको र नेपाली राजनीतिमा सकारात्मक तरंग पनि पैदा गरेको विश्लेषण गरिएको छ । विशेष गरेर प्रतिगमनको विरुद्ध र संविधान रक्षाको लागि माओवादी अध्यक्ष प्रचण्डको पहलमा भएको गठबन्धनले सार्थक भएको जसको परिणाम स्वरूप स्थानीय निर्वाचन र आगामी प्रदेश र संघीय निर्वाचनमा स्पष्ट रूपमा देखिएको पनि निकटस्थहरू बताउँछन् ।

जसको प्रभावले परिवर्तनविरोधी र प्रतिगामी शक्ति र एमाले लगाएतका दलहरू पत्तासाफ हुने छलफलमा सहभागी नेताहरूले बताएका छन् ।

बालुवाटारमा भएको सहमतिअनुसार नेकपा (माओवादी केन्द्र)ले भरतपुर महानगरपालिकाको प्रमुख पद र जितपुर सिमरा तथा घोराही उपमहानगरपालिमा प्रमुख पदमा उम्मेदवारी पाउने भएको छ । यस्तैगरी ललितपुर महानगरपालिका र धरान तथा धनगढी उपमहानगरपालिकामा उपप्रमुख पदमा माओवादी केन्द्रले उम्मेदवारी दिने सहमति भएको छ ।

सोही सहमतिअनुसार कांग्रेसले काठमाडौं, ललितपुर, विरागनगर महागरपालिका र धरान, इटहरी, कलैया, बुटवल, तलसिपुर, नेपालगञ्ज तथा धनगढी उपमहागरपालिकाहरूमा प्रमुख पदमा एवं वीरगञ्ज, भरतपुर, पोखरा महानगरपालिका र जितपुर सिमरा, घोराही तथा हेटौंडा उपमहानगरपालिहरूमा उपप्रमुख पदमा उम्मेदवारी दिने भएको छ ।

सत्तागठबन्धनको सोही सहमतिअनुसार नै नेकपा एकीकृत समाजवादी (एस)ले पोखरा महागरपालिका र हेटौंडा उपमहागरपालिकामा प्रमुख पदका लागि तथा काठमाडौं महागरपालिका र इटहरी, बुटवल तथा तुलसीपुर उपमहागरपालिकामा उपप्रमुख पदमा उम्मेदवारी दिने भएको जानकारी दिइएको छ । बालुवाटारमा गरिएको पाँच दलबीचको सोही सहमतिअनुसार वीरगञ्ज र विराटनगर महानगरपालिमाका जनता समाजवादी पार्टी (जसपा) ले प्रमुख पदका लागि र जनकपुर, कलैया र नेपालगञ्ज उपमहानगरपालिकामा उपप्रमुख पदका लागि उम्मेदवारी दिने भएको छ ।

## माओवाद...

बुद्धिजीवीहरूको एउटा जमातले निराशामा जीवन देख्दै पलायनताको बाटो रोज्यो। मिसेल फुको, रिचार्ड रोर्टी, गाइल्स डिल्युज, फेलिक्स गुतारी, ज्याक डेरिडा, जे. ल्योतार्ड र जे. बौद्रिलार्दहरूले समातेको बाटो यही थियो। यसै क्रममा देखा परेको थियो 'उत्तर-वादी' प्रवृत्ति त्यसपछि 'महाख्यानको अन्त्य', 'विचारको अन्त्यका साथै समग्रता र वर्गको खारेजी सम्बन्धी धारणाहरू सतहमा आए। यस किसिमको व्याख्याका लागि एकथरी बुद्धिजीवीहरूमा प्रतिस्पर्धा नै देखिन थाल्यो। यता ख्रुस्चेवको साम्राज्यवादपरस्त 'शान्तिपूर्ण संक्रमण' को राजनीतिक गर्भबाट विकसित आधुनिक संशोधनवादले लेनिनको सालिक मात्रै ढालेन, बर्लिनको पर्खाल पनि ढाल्यो र नाम मात्रको भए पनि 'सोभियत समाजवाद' पनि ढल्यो। बर्लिनको पर्खाल र लेनिनको सालिक ढल्नु र ढाल्नुका पछाडिको सत्यतथ्यको विश्लेषण गर्न नसकेका पश्चिमी संसारका एकथरी बुद्धिजीवीहरूले बर्लिनको पर्खाल ढलेको मात्र देखेनन्, संसारबाट मार्क्सवाद नै ढलेको देखे र उत्तरआधुनिकतावाद, उत्तरसंरचनावाद र 'उत्तर-मार्क्सवाद' घोषणाका साथ शून्यवादी प्रवाहमा जीवन खोज्दै भौँतारिन थाले। शून्यवादी प्रवाहमा जीवन खोज्ने कार्य बहुलवाद, वर्ग राजनीतिको निषेध, प्रविधिवाद र पहिचानवादमा प्रतिविम्बित हुन थाल्यो।

साम्यवादी आन्दोलनसित गाँसिएको एउटा संसार यस किसिमको छ भने अर्को संसार एकदमै भिन्न छ। यथार्थको अर्को पाटो सकारात्मक र उज्यालो छ। माओको मृत्युपछि चीनमा भएको प्रतिक्रान्तिले विश्वकम्युनिस्ट आन्दोलनलाई निकै ठूलो नोक्सान पुऱ्याए पनि स्थितिको गम्भीर विश्लेषणका साथ मार्क्सवाद-लेनिनवादप्रति प्रतिबद्ध क्रान्तिकारीहरू आधुनिक संशोधनवाद विरुद्धको वैचारिक अभियानलाई तीव्र बनाउँदै क्रान्तिकारी आन्दोलनलाई नयाँ किसिमले संगठित र पुनर्गठित गर्ने अभियानमा क्रियाशील भए। यसैक्रममा कमरेड गोन्जालोको नेतृत्वमा पुर्नगठित पेरू कम्युनिस्ट पार्टीले विश्वकम्युनिस्ट आन्दोलनमा माओका योगदानहरूलाई माओवादका रूपमा संश्लेषण गर्यो र दीर्घकालीन जनयुद्ध नै पेरू तथा विश्वक्रान्तिको बाटो हो भनेर जनयुद्धको थालनी गर्यो। कमरेड गोन्जालोको नेतृत्वमा पेरूमा आरम्भ भएको जनयुद्धले विश्वका सर्वहारामा नयाँ उत्साह र उत्प्रेरणा जाग्रत गरायो।

त्यसैगरी विश्वका माओवादी क्रान्तिकारीहरू एउटै झण्डामुनि गोलबद्ध हुने क्रममा सन् १९८४ मा 'क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन' रिमको गठन भयो। यसैक्रममा यसले मार्क्सदेखि माओसम्मको समग्र इतिहासको विश्लेषणका साथ विश्व साम्यवादी आन्दोलनमा माओले विचार, राजनीति र व्यवहारका क्षेत्रमा पुऱ्याएका योगदानहरूलाई मार्क्सवादको तेस्रो र उच्चचरण माओवादका रूपमा संश्लेषण गर्यो। रिमले माओवादलाई आजको विश्वक्रान्तिको पथप्रदर्शक सार्वभौम सिद्धान्तका रूपमा अघि सार्यो। जतिबेला एकथरी बुद्धिजीवीहरू मार्क्सवादको भविष्यलाई लिएर बिलौना गरिरहेका थिए मार्क्सवादमा अपूर्णता देख्दै पूर्णताका लागि 'उत्तर-वाद' को औजार लिएर 'नयाँ आविष्कार' का लागि भौँतारिइरहेका थिए र संशोधनवादीहरू मार्क्सवादका नाममा संसदवादको अभ्यासमा क्रियाशील थिए। विश्वका माओवादी क्रान्तिकारीहरू चाहिँ मार्क्सवाद-लेनिनवाद-माओवादले देखाएको बाटो समातेर वैचारिक तथा व्यावहारिक अभियानलाई तीव्र बनाउन थाले।

माओका योगदानलाई माओवादका रूपमा संश्लेषण गरेर यसको महत्व र भूमिकालाई विस्तारित गर्नु तथा यसैको आलोकमा विश्वभरि क्रान्तिकारी संगठन निर्माण गर्दै वर्गसंघर्षलाई गति दिनु विश्वकम्युनिस्ट आन्दोलनमा एउटा महत्वपूर्ण कदम थियो। रिमको गठन, भारतीय माओवादी क्रान्तिकारीहरूले कमरेड चारु मजुमदारको विरासतलाई दिएको क्रान्तिकारी निरन्तरता र पेरूमा कमरेड गोन्जालोको नेतृत्वमा चलेको दीर्घकालीन जनयुद्धले नेपालको माओवादी आन्दोलनलाई नयाँ ऊर्जा र उत्साह प्रदान गर्यो। पेरूको जनयुद्धले धक्का खाए पनि र प्रचण्ड लागायतका केही नेताहरूमा आएको वैचारिक विचलनका कारण नेपालको जनयुद्धले धोका खाए पनि आज भारत, फिलिपिन्स र टर्कीका माओवादी पार्टीहरूले जनयुद्ध चलाइरहेका छन् र विश्वभरि नै मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा क्रान्तिकारी पार्टी निर्माण गर्ने र आ-आफ्नो मुलुकको विशिष्टतामा वर्गसंघर्षलाई तीव्रता दिने काम जारी छ।

आजको विश्व परिस्थिति र क्रान्तिको चरित्रका बारेमा वैचारिक विमर्श, विश्लेषण र संश्लेषण गर्नु आवश्यक छ भन्ने कुरामा विवाद छैन, परन्तु, बलिदानीपूर्ण गरिमामय इतिहासलाई खारेज गरेर होइन, त्यसबाट शिक्षा लिएर अघि बढ्ने उद्देश्य हुनुपर्छ। सत्य के हो भने मार्क्सवाद-लेनिनवाद-माओवादको जगमा उभिएर मात्र अगाडिको यात्रा सम्भव छ। कम्युनिस्ट आन्दोलन विगतको पीडाको सम्झनामा सीमित छैन र हुँदैन, अनि यो उडन्ते परिकल्पनामा सीमित परियोजना पनि होइन। यो त आवश्यकता र स्वतन्त्रतासित गाँसिएको क्रान्तिकारी विज्ञान हो।

मार्क्सवाद-लेनिनवाद-माओवादलाई क्रान्तिको विज्ञानका रूपमा स्वीकार गर्ने कि नगर्ने भन्ने प्रश्न नै आजको प्रमुख प्रश्न हो। अवश्य पनि समय फेरिएको छ, तर वर्गयुक्त समाजको आधारभूत चरित्र एउटै छ। साम्राज्यवादको मूल चरित्र भनेको सैन्य शक्तिद्वारा आफ्नो प्रभुत्वक्षेत्रको विस्तार हो। अवश्य पनि यसका प्रक्रिया फेरिएका छन्, परन्तु, साम्राज्यवादको आधारभूत चरित्र फेरिएको छैन।

अहिलेको साम्राज्यवादी भूमण्डलीकरण हिजोको साम्राज्यवादभन्दा झन् खतरनाक छ। यसले परम्परागत र नव-उपनिवेशवादी शैलीमार्फत विश्वलाई आफ्नो स्वार्थमा परिचालन गर्न खोजिरहेको छ। र पनि आधारभूत रूपमा साम्राज्यवादको चरित्र, यसका मूलभूत विशेषताहरू साम्राज्यवादका सम्बन्धमा लेनिनले अघि सारेका मान्यताभन्दा फरक छैनन्।

समय फेरिएको छ। परन्तु, क्रान्ति सम्बन्धी मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्तहरू सार्वभौम छन् र देशकाल परिस्थितिअनुरूप तिनको प्रयोग हुने हो र लडाइँको तारतम्य र शैली पनि त्यसैअनुरूप तय हुने हो। लडाइँ किन, कसका विरुद्ध, कसले र कसरी भन्ने प्रश्न नै अहम् महत्वको विषय हो। मार्क्सवादले अघि सारेका अन्तर्विरोधका नियमहरू सार्वभौम र साश्वत छन्, वर्ग र वर्गसंघर्ष आधारभूत पक्ष हुन् र लडाइँ वर्गीय नै हुन्छ। 'उत्तर-मार्क्सवादीहरू' ले भनेजस्तो वर्गभन्दा बाहिरको लडाइँ हुँदैन र 'उत्तर-माओवादीहरू' ले भनेजस्तो शून्यबाट पनि निर्मित हुँदैन, यो क्रान्तिकारी विरासतको निरन्तरतामा सर्पको शैलीमा नभएर भ्यागुताको शैलीमा क्रमभंगताका साथ अघि बढ्छ। नेपालको सन्दर्भमा पनि यही नै सत्य हो। क्रान्तिबाट भागेका र थाकेकाहरूले संसदवादलाई नै सम्पूर्ण ठान्नु र त्यसैमा रमाउनु अनौठो कुरा होइन।

वर्ग, पार्टी र संघर्षबिनाको राजनीति हुँदैन। संसारमा कुनै पनि प्रतिक्रयावादी वर्गले उत्पीडित वर्गका लागि त्यसै शक्ति र सत्ता छोडेको इतिहास छैन र भविष्यमा पनि छोड्नेवाला छैन। भिन्न वर्गको कुरा होइन, एउटै वर्गबीच पनि सत्ताका लागि मारामार चल्ने गर्छ, चलेको छ, सत्ता 'कु' का थुप्रै रक्तपातपूर्ण घटनाहरू भएका छन्। इतिहासका ठूलाठूला परिवर्तनहरू सबै रक्तपातपूर्ण संघर्षका उपज हुन्।

प्रतिक्रियावादी वर्ग नै सबैभन्दा पहिले रक्तपातपूर्ण संघर्षमा अघि सर्छ र उत्पीडित वर्गले प्रतिरोधमा हतियार उठाउनु अनिवार्य हुन्छ। माओले सत्ता बन्दुकको नालबाट जन्मिन्छ भन्नुको अर्थ पनि यही हो र सेना नभएको जनतासित आफ्नो भन्नु केही पनि हुँदैन भन्ने कुरा पनि ऐतिहासिक व्यवहारले पुष्टि गरेको यथार्थ हो। योभन्दा बाहिरको परिकल्पना सारतः साम्राज्यवाद र उसका घरेलु दलाल शक्तिहरूका सामु आत्मसमर्पणको स्थिति मात्र हो। हतियार जति सबै फालेर क्रान्तिको कुरा गर्ने संसदवादीहरू र वर्ग धारणाको निषेध गर्ने 'उत्तर-मार्क्सवादीहरू' को चिन्तन दार्शनिक तहमा अधिभौतिकवादी र आदर्शवादी छ, वैचारिक तहमा यथास्थितिवादी छ, अनि राजनीतिक तहमा साम्राज्यवादपरस्त छ।

अहिलेको आवश्यकता सबै किसिमका विभ्रमका विरुद्धको वैचारिक संघर्षको हो। माओवादको पक्षमा दृढताका साथ उभिएर वर्गसंघर्षलाई गति दिने कि त्यसमा अपूर्णता देख्दै र खोज्दै उपभोक्तावादी-'उत्तरवादी' बाटो रोज्दै बहुलवादी वर्गसमन्वयवादको बाटोमा हिँड्ने भन्ने प्रश्न नै आजको मूलभूत प्रश्न हो। आत्मसंघर्ष र वैचारिक संघर्षको बाटो हिँडेर मात्र यो प्रश्नको उत्तरप्राप्त हुन्छ। मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा निर्मित क्रान्तिकारी पार्टी, सबल नेतृत्व र उत्पीडित वर्ग र समुदायको अगुवाइमा लडिने लडाइँले मात्र सही दिशा र गति दिन्छ। यसले मात्र सही अर्थमा एक्काइसौं शताब्दीको वैज्ञानिक समाजवादको दिशालाई प्रतिविम्बित र प्रतिनिधित्व गर्छ।

आधारभूत र मूलभूत कुरा के हो भने माओवादले देखाएको बाटो चिनियाँ सन्दर्भ तथा 'तेस्रो विश्व' को सन्दर्भमा मात्र सीमित छैन, माओवाद आजको विश्वक्रान्तिको पथप्रदर्शक सिद्धान्त हो। यो सार्वभौम छ र विश्वव्यापी पनि छ।

यसलाई आ-आफ्नो मुलुकको विशेषतामा व्यवहारमा लागू गर्ने हो र गर्नु पर्दछ। प्रश्न यसलाई कसरी बुझ्ने र आत्मसात गर्ने भन्ने हो। माओवाद र यसप्रतिको क्रान्तिकारी व्यवहारले को साँचो क्रान्तिकारी हो र को होइन भन्ने कुराको रेखा खिचेको छ। आफूलाई मार्क्सवादी भन्नेले यो तथ्यलाई आत्मसात गर्नु जरुरी छ। अवश्य पनि 'नयाँ' र 'ताजा' हुनैपर्छ। यो 'नयाँ' र 'ताजा' भनेको निरन्तरतामा क्रमभंग हो, यो भनेको झन् झरिलो र धारिलो भएर अघि बढ्ने प्रक्रिया हो। क्रान्तिका हतियार सबै त्यागेर 'नयाँ' र 'ताजा' हुने र 'नयाँ खोजी गर्ने' कुरा भनेको शून्यमा भौँतारिनु मात्र हो। यो भनेको विसर्जनको बाटो हो। आफूलाई माओवादी भन्नेहरू विश्वसर्वहारा आन्दोलनको ऐतिहासिक गरिमाका पक्षमा दृढताका साथ उभिनु आवश्यक छ।

खासखास कालखण्डमा प्रतिक्रियावादीहरू र अवसरवादीहहरूले मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका योगदानहरूको अवमूल्यन, भ्रष्टीकरण र विम्ब विद्रूपीकरण गर्दै आएका छन्। खास गरेर साम्राज्यवादका विरुद्ध निर्ममताका साथ लडेका स्टालिन र माओको विम्ब विद्रूपीकरणमा साम्राज्यवादका मतियार बुद्धिजीवीहरूले सबैभन्दा बढी समय र श्रम खर्चेका छन्।

माओको मृत्युपछि यसलाई अभियानकै रूप दिइएको छ र साम्राज्यवादी योजनाबद्धतामा दक्षिणपन्थी अवसरवादीहरूले थप बल प्रदान गरेका छन्। माओवादी क्रान्तिकारी हुनुको अर्थ यस्ता प्रवृत्तिको निर्मम भण्डाफोर गर्नु हो र माओका समग्र योगदान, माओवादको सार्वभौम महत्व र आजको क्रान्तिमा यसको आवश्यकता र औचित्यका पक्षमा दृढताका साथ उभिनु हो।

एक हिसाबले वैचारिक युद्धको मोर्चामा मोर्चाबद्ध हुनु हो। सच्चा माओवादी क्रान्तिकारीहरूले यो कार्य गर्दै आएका छन् तापनि यसलाई अझ व्यवस्थित र व्यापक रूपमा अघि बढाउनु आवश्यक छ। (*सार्वभौम माओवाद र उत्तर-मार्क्सवादी विभ्रम पुस्तकको को अंश*)

# माओवादी केन्द्र र नेकपा एसबीच चुनावी तालमेल : खडक नपामा अग्रगामी शक्तिको जित सुनिश्चित

**काठमाडौँ ।** असान्न स्थानीय तहको चुनावमा सप्तरीस्थित खडक नगरपालिकामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)बीच तालमेलमा लड्ने सहमति भएको छ। सत्ता साझेदार पाँच दलीय गठबन्धनको सहमति अनुसार खडक नगरपालिकामा यी दुई पार्टीबीच तालमेल भएको हो।

परिवर्तन विरोधी शक्तिहरू सक्रिय भइरहेको अवस्थामा देशको परिस्थिति अनुसार अगामी वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा स्थानीय तहलाई परिवर्तनकारी पार्टीहरू मिलेर बनेको गठबन्धनको भावनाअनुसार प्रतिगामी तत्वहरूलाई परास्त गर्नकै लागि सप्तरीको खडक नपामा अन्य जिल्लामा जस्तै माओवादी केन्द्र र एकिकृत समाजवादीबीच तालमेल गरी चुनावी मैदानमा जाने सहमति गरिएको छ।

खडक नगरपालिमा प्रमुखमा माओवादी केन्द्रका जय प्रकाश चौधरी र उपप्रमुखमा एकीकृत समाजवादीका उपप्रमुखमा शत्रुघन प्रसाद साह 'आजाद'लाई उम्मेदवार बनाउने सहमति भएको दुवै दलका नगर अध्यक्षद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ। माओवादी केन्द्र खडक नगर कमिटी अध्यक्ष जय प्रकाश चौधरी तथा एकीकृत समाजवादीका नगर अध्यक्ष विजय कुमार साहद्वारा जारी संयुक्त विज्ञप्तीमा नगरपालिकालाई सहि दिशा, नीति र सक्षम नेतृत्व प्रदान गर्न दुवै आफूहरूले नगरपालिकाको वडाहरूमा समेत तालमेल गरी जाने सहमति भएको दावी गरेका छन्।

संयुक्त विज्ञप्तीमा नगरपालिका वडाहरुमा समेत दुवै पार्टीले तालमेल गरी जाने सहमति भएको उल्लेख गर्दै चुनावी कार्यक्रम र प्रचार प्रसारदेखि मतदान समेत गर्न गराउन सम्बन्धीत दुवै पार्टीका नेता तथा कार्यकर्ताहरूमा आग्रह गरिएको छ। सहमति अनुसार माओवादी केन्द्रले वडा नम्बर १, २, ६, ८ र १० तथा एकीकृत समाजवादीले वडा नम्बर ४, ५, ७, १० र ११ मा अध्यक्षको उम्मेदवारी दिने निर्णय गरिएको पनि उल्लेख गरिएको छ भने वडा नम्बर ३ र ९ मा छुट्टाछुट्टै उम्मेदवारी दिने भएका छन्।

दुई दल मिलेर उम्मेदवारी दिने र जुनसुकै हालतमा जित सुनिश्चि गराएर छाड्ने सहमति भएसँगै दुवै दलका अध्यक्षले गठबन्धनको विज्ञप्ती सार्वजनिक गर्दै चुनावी तालमेलबारे जानकारी दिएका हुन्।

# प्राचीन र धार्मिक महत्त्व बोकेको जैतुन (ओलिभ) का उपयोगिता

– अनिता सुनुवार



वनस्पती जगतमा प्राचीन इतिहास र धार्मिक महत्त्व बोकेको एक प्रकारको रुख जैतुन अर्थात् ओलिभ। यसको धार्मिक महत्त्व समेत छ। यसलाई शान्तिको प्रतीक समेत मानिन्छ। जैतुन सन् १९६५ तिर भारतबाट नेपाल भित्रिएको अनुमान गरिन्छ। सबभन्दा पहिले कर्णाली नदीको छेउमा रोपिएको मानिने जैतुन त्यस क्षेत्रमा अहिले पनि पर्याप्त मात्रामा पाइन्छ।

### *उपयोगिता*

जैतुनको फललाई सुरु-सुरुमा मुख्यतः खानका लागि प्रयोग गरिन्थ्यो। यसको एउटा फल औसत ३ देखि ५ ग्रामसम्मको हुन्छ। यसको फललाई सिधै वा सलादका रूपमा खाइन्छ। यसको फलबाट तेल निकालेर विभिन्न स्वरूपमा प्रयोग गरिन्छ। जैतुन फलको गुदी र गेडा (बियाँ) दुवैबाट तेल निकाल्न सकिन्छ। गुदीबाट निकालेको तेल मुख्यरूपमा खानका लागि र गेडाबाट निकालिएको तेल कस्मेटिक्स र छालाजन्य उपचारमा प्रयोग हुन्छ।

जैतुनबाट निकालिएको स्वस्थकर फ्याटबाट नै 'ओलिभ आयल' निकालिन्छ। यो 'मेडिटेरियन डाइट' को मुख्य भाग हो। ओलिभ आयललाई सलाद ड्रेसिङका रूपमा समेत प्रयोग गरिन्छ।

### *पाइने तत्त्व र लाभहरू*

कार्बोहाइड्रेड कम र स्वस्थकर फ्याट बढी हुने ओलिभमा स्वास्थ्यका निम्ति लाभदायक विभिन्न तत्त्वहरू हुन्छन्। ओलिभमा मुख्यतः 'भिटामिन- ई' का साथसाथै अरु पनि विभिन्न एन्टिअक्सिडेन्ट तत्त्व पाइने भएकाले यो मुटुका निम्ति एकदमै लाभदायी हुन्छ। 'भिटामिन- ई' को मात्रा बढी हुने भएकाले छाला र कपालको स्वास्थ्यका लागि पनि यो निकै लाभदायी हुन्छ।

ओलिभ आयलमा ओलिओक्यान्थल नामक तत्त्व पाइने हुनाले यसले दुखाइ कम गराउने काम समेत गर्दछ। यो तत्त्वले दुखाइ मात्र घटाउँदैन, सुन्निएको बसाउने काम समेत गर्दछ। यसले पाचन हर्मोनहरूलाई सक्रिय गराएर पाचन प्रक्रियामा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ।

कालो प्रजातिको ओलिभमा आइरनको मात्रा बढी हुन्छ र त्यसले रगतमा हेमोग्लोबिनको कमी हुनबाट बचाउँछ। अध्यनअनुसार हड्डी खिइने र क्यान्सर का लागि समेत यो निकै लाभदायी देखिएको छ। बिरामी नभएकाहरूले समेत ओलिभलाई खानामा मिलाएर दैनिक सेवन गर्नु स्वास्थ्यका निम्ति लाभदायक हुन्छ। (*होलिस्टिकबाट*)

# निर्वाचन...

होमिइसकेको छ र गठबन्धन पनि पूरै निर्वाचनमा इमान्दारीता साथ लागेको छ। आज हामी देशका ६ वटा महानगर र उपमहानगरको विषयमा बेलुकासम्म गठबन्धनको मोडालिटि निष्कर्षमा पुऱ्याउँछौं। महानगरको विषयमा झन्डै झन्डै टुंगिने बेलामा म यहाँ आएको हो। हामीले गाउँपालिका र नगरपालिकासम्मको विषयमा अधिकार प्रत्यायोजन गरेर तल दिइसकेका छौं। त्यसैले निर्वाचन सर्दैन र सर्न दिइन्न। जति कुरा मिडियामा निर्वाचन सर्ने विषयमा आएका छन् ति सबै अनुमानकै भरमा आएका छन् त्यसमा कुनै सत्यता छैन।

दुई तिन महिनाअगाडि संविधान र कानुनको बारेमा केही अन्तरविरोधको विषयमा छलफल अवश्य नै गरेका थियौं तर त्यसमा निर्वाचन आयोग र सबै राजनीतिक दलहरूको समझदारीले अब निर्वाचनमा जानु नै उपयुक्त हुन्छ भन्ने निश्कर्ष आएपछि हामी सबै निर्वाचनको तयारीमा गम्भीर ढंगले लागेका हौं।

म सबै राजनीतिक दल र आम जनतामा अपिल गर्न चाहन्छु की यो निर्वाचनलाई सफलता साथ सम्पन्न गरौं र सक्रियतापूर्वक सहभागि बनौं। निर्वाचन सम्पन्न गर्न आ-आफ्नो ठाउँबाट सहयोग र योगदान गरौं।

तेस्रो कुरा तपाईं हामी सबैलाई थाहा छ की एक वर्ष अगाडि नेपालको राजनीतिक दल र राजनीतिमा एउटा गम्भीर खालको पेचिलो अन्तरविरोध देखा पर्यो। एउटा संविधानलाई कुनै न कुनै तवरले घात गर्ने र परिवर्तनलाई उल्ट्याउन खोज्ने, अराजकतावादी प्रवृत्ति देखा पर्यो, हामीले त्यसलाई प्रतिगमन पनि भन्यौं। त्यसको विरुद्ध संघर्ष गर्ने स्थिति बन्यो। संघर्षको क्रममा गठबन्धन तयार भयो। त्यही संघर्षको क्रममा सडक संघर्ष हुँदै गठबन्धन हुँदै, अदालत र राष्ट्रपति कार्यलयसम्म गैसकेपछि नयाँ सरकार बन्ने स्थिति पनि बन्यो। अझै पनि संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिकता आदिलाई उल्ट्याउन चाहने प्रवृत्ति अहिले पनि देखा परेको छ। हिजोका सामन्त, दलाल, राजामहाराजा राजतन्त्रवादी, परिवर्तन विरोधीहरूसँग गठबन्धन गर्न खोज्ने, वाम लोकतान्त्रिक शक्तिभन्दा अतिवादीसँग नजिक हुन खोज्ने प्रवृत्ति एउटा छ भने अर्को अहिलेको परिवर्तन संघीय लोकतान्त्रिक गणतन्त्र, संविधान र राष्ट्रियताको रक्षा गर्न खोज्ने धर्म निरपेक्षता, समावेशी समानुपातिक सामाजिक मुल्य मान्यतासहितको लोकतन्त्रको पक्षधरहरूबीचको गठबन्धन। तपाईंहरूले हेर्नुभयो भने कुन गठबन्धन परिवर्तनको पक्षधर हो र कुन प्रतिगामी परिवर्तनविरोधी गठबन्धन हो भन्ने प्रष्टै देखिन्छ।

एक चोटि फेरी प्रतिगमविरोधी आन्दोलनको रूपमा आगामी निर्वाचनलाई हेरिनुपर्दछ भन्ने लाग्छ। हिजोको त्यो आन्दोलन जस-जसमा करिव सबै पत्रकार, नागरिक समाज, सामाजिक अगुवाहरू, न्यायाधिस, पूर्व प्रधानन्यायाधिस, बुद्धिजीवी र समाजका आमसमुदायहरूको एकताबद्ध आन्दोलन र शक्तिले प्रतिगमनलाई परास्त गरिएको थियो। अहिले पनि जो हिजो पटक-पटक असंवैधानिक र निरंकुश तवरले संविधान मिच्ने प्रवृत्ति देखा परेको थियो जसका विरुद्ध नेपालका सबै जाति लिंग, वर्ग क्षेत्र र समुदायले निरन्तर खबरदारी र आन्दोलन गरेर त्यो हर्कतलाई परास्त गरिएको थियो अहिले पनि आगामी स्थानीय निर्वाचन, प्रादेशीक निर्वाचन र संसदीय निर्वाचनमा त्यो प्रतिगमनकारी परिवर्तनविरोधी शक्ति र दललाई त्यसरी नै निर्वाचनको माध्यमबाट परास्त गर्नु जरुरी छ। र परिवर्तनका पक्षधर, संविधानको पक्षधर जसले संविधानको मर्म र भावना अनुसार समाजवाद उन्मुख राज्य निर्माणको कुरा गरेको छ र तलैदेखि जनताका आधारभूत तहका समस्याहरू हल गर्न प्रतिबद्ध छ, त्यसलाई त्यसका उम्मेदवारलाई विजय गराउनु जरुरी छ।

संघीय लोकतान्त्रिक गणतन्त्र वा संविधानसभाबाट संविधान निर्माण गर्नु आफैंमा एउटा प्रगतिशील कदम भए तापनि जबसम्म नेपाली जनताको घर-दैलोमा समृद्धिको उज्यालो छाउँदैन तबसम्म जनता सन्तुष्ट हुँदैन। त्यसकारण स्थानीय स्तरदेखि नै समाजवादका भ्रुणहरू रोप्ने निजी, सहकारी र सार्वजनीक क्षेत्रको साझेदारीबाट समाजवादको भ्रुणहरू कसरी रोप्ने, उत्पादन वृद्धिलाई कसरी अगाडि बढाउने, शिक्षा स्वास्थ्य रोजगारीको विषयलाई कसरी सम्बोधन गर्ने, विज्ञान प्रविधिको विकास र प्रयोगबाट कसरी उत्पादन वृद्धि गर्ने, नेपालबाट हजारौंको संख्यामा होइन लाखौंको संख्यामा नेपालका युवाहरू विदेशीने जो स्थितिलाई रोकेर कसरी लाखौं युवालाई रोजगारी सिर्जना गर्ने, नेपालभित्रै उद्योगधन्दा र कल कारखाना खोलेर रोजगारीको सिर्जना गर्ने, देश भित्रै रहेका बेरोजगार युवालाई कसरी रोजगारी प्रदान गर्ने, आम नेपाली जनतालाई शिक्षा स्वास्थ्य रोजगारीको व्यवस्था गर्ने र त्यसको लीग राज्यको पहल र तवरबाट कसरी कानुनहरू निर्माण गरेर अगाडि बढ्ने भन्ने पनि आगामी निर्वाचनका प्रमुख एजेण्डा हुँदैछन्।

यहाँहरू सबैलाई थाहा छ नेकपा माओवादी केन्द्रको आठौं महाधिवेशनमा मैले आजको विश्व परिस्थिति, आजको विज्ञान प्रविधिको विकासको स्थिति, नेपालको समाजवादको बाटो कस्तो हुन्छ भन्ने क्रममा सापेक्षताको सिद्धान्त, क्वान्टमको सिद्धान्त, आइन्सटाइनको सिद्धान्त, ग्लोबलाइजेशन र डिजिटलाइजेशनको विकाससम्म आउँदा मानिस मानिसको सम्बन्धमा, देश देशको सम्बन्धमा र आम जनताको जीवनमा जस्तो प्रभाव परेको छ भन्दै स्थानीय तहदेखि नै स्थानीय जनताको जीवनस्तर वृद्धि गर्ने र स्थानीय साधन, स्रोत र विशेष गरेर प्राकृतिक स्रोत, साधनको रक्षा र प्रयोग कसरी गर्ने विज्ञान-प्रविधिको प्रयोग गरेर उत्पादन वृद्धि गर्ने र स्थानीय तहको विकास गर्ने भन्ने विषयमा दस्तावेज प्रस्तुत गरेर सर्वसम्मतिले पारित पनि गरिसकेको छ। जुन कुरा आगामी निर्वाचनमा पनि जनतालाई स्पष्ट रूपमा बुझाउनुपर्नेछ।

यो परिवर्तन सजिलै आएको होइन, दशकौंको नेपाली जनताको शसस्त्र र शान्तिपूर्ण संघर्ष र पछिल्लो पटक दश वर्षे जनयुद्ध र जनअन्दोलनको बलमा यो परिवर्तन आएको हो। हजारौं जनताका कुसल छोराछोरीको बलिदान र बेपत्ता त्याग, सौर्य आदिको बलमा यो आएको हो। तर लडाईं लड्ने एकातिर र परिवर्तनविरोधीको हातमा सत्ता वा डाडु पन्यु पर्ने जस्तो भएको छ जसले गर्दा परिवर्तनका एजेण्डाहरू कता-कता छायाँमा परेजस्तो देखिन पुगेको छ। परिवर्तनका विरोधीहरूको हातमा सत्ता जाँदा वा नेतृत्व जाँदा के हुँदोरहेछ भन्ने त देखिइसकेको छ अब त्यसो हुन नदिनको लागि हामीले भनेका छौं जसको नीति उसैको नेतृत्व। त्यो ऐतिहासिक विरासतबाट आएको परिवर्तनलाई संस्थागत गर्न तपाईंहरूले पनि सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा र विश्वास गर्न चाहन्छु।'


## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं !

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बचन शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मुलुकभर...

महासचिवको प्रस्ताव अस्वीकार गरेको छ र बहिष्कार गर्नुपर्ने मतको पक्षमा बहुमत देखापरेको छ। यसरी बहिष्कारको पक्षमा बहुमतको विचार हुँदाहुँदै पनि 'एकतालाई जोगाउने' नाममा उक्त पार्टीले एउटा चुनावपरस्त प्रस्ताव पार गरेको सुन्नमा आएको छ। 'पार्टी निर्वाचनमा नजाने तर स्वतन्त्र उम्मेदवार उठाउने' भन्ने चोर दूलाबाट लुसुक्क छिरेर त्यस दलका प्रवक्ता निर्वाचन आयोगमा पुगेका छन्। उत्ता कर्णालीमा 'एमालेसँग चुनावी तालमेलबारे' छलफल भएको छ।

यी गतिविधिलाई पार्टी निर्णयविपरीत भन्दै अर्का नेता हेमन्तप्रकाश वलीबाट सार्वजनिकरूपमै विरोध पनि भएको छ। खतरा के देखिन्छ भने 'शिवगढीको स्पिरिट' लाई कुल्चँदै त्यस पार्टीभित्रको चुनावपरस्त धारा पेलपाल गरेर भने पनि चुनावमा जानेछ। त्यतिबेला त्यस दलभित्रका बहिस्कारको पक्षमा मत जाहेर गर्ने बहुमत नेताहरूले के गर्नेछन् ?

के तिनीहरू फेरि पनि 'पार्टी एकतालाई बचाउने सर्त' मा आफ्नो विवेक तथा केन्द्रीय समितिको बहुमतको समेत विवेकमाथि घात गरेर भोट माग्न नमस्कार पड्काउँदै जान्छन् ? या उनीहरू असैद्धान्तिक 'एकता' को खाडलबाट निस्केर सोच्न थाल्छन् ? त्यस दलभित्रका इमानदार कार्यकर्ता साथीहरू अब के गर्छन् ?

प्रचण्डलाई गद्दार भनी 'क्रान्ति गर्न' भनेर हिँडेका ती साथीहरू आफ्ना बाह्र जना होनहार कमरेडहरूको बलिदानी अनि सयौं साथीहरूको जेल-नेल र मुद्धाको विषयलाई बिर्सेर प्रचण्डभन्दा पनि अझ बदनाम र कयौं दशक आफैंले प्रतिक्रियावादी मानेको दललाई 'राष्ट्रवादी' को शब्दले विभूषित गर्दै पुच्छर बाँधेर 'एकीकृत क्रान्ति' को महाध्याय सुरु गर्न थाल्छन् ?

मलाई यो समय यस्ता शब्दहरू प्रयोग गरिरहँदा पटक्कै आनन्द आइरहेको छैन। आफूले आशा गरेको एउटा मित्रशक्ति भीरबाट दुर्घटित हुन लागिरहेको देख्दादेख्दै टुलुटुलु हेर्न अझ सकस भएकाले पोलेको छाती छामी-छामी यी कुराहरू देखिरहेको छु।

मलाई आशा छ- त्यहाँभित्र रहेका इमानदार क्रान्तिकारी साथीहरूले यो समयमा गम्भीर रूपमा सोच्नेछन्। यो बेला पनि साथीहरूले सही रूपमा सोचेनन् र सही निर्णय लिने आँट गर्न सकेनन् भने त्यो इतिहासमा भयानक गल्ती हुनेछ। संसदीय व्यवस्थाबाट जनताको राज आउँदैन भनेर विद्रोह गरेको फेरि फर्केर त्यही व्यवस्थामा डुब्न खोज्नु भनेको एउटा प्रहसन मात्र हुनेछ।

प्रिय साथीहरू ! नरिसाउनु होला, बरु गम्भीर रूपमा सोच्नु होला। यो समय आगोको बीउ जोगाउने समय हो। अगुल्टोलाई संसदीय पोखरीमा चोपलेर आगो जोगिँदैन। अनि प्रचण्डलाई गाली गर्दै तर प्रचण्ड नै हिँडेको बाटो हिँडेर फरक गन्तव्यमा पनि पुगिँदैन।

त्यसैले पार्टी केन्द्रीय समितिका बहुमत सदस्यहरूको चुनावबारेको सही मतको रक्षा गर्न तपाईं क्रान्तिकारी नेता तथा कार्यकर्ता साथीहरूले सार्थक पहल लिन ढिलो गर्नुहुने छैन भन्ने आशा गर्दै पार्टीलाई संसदीय दलदलमा भासिनबाट बचाउन तपाईंहरूलाई सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

# वागमती प्रदेशको बहिरंग बयान

*– सूर्य सुवेदी*

**काठमाडौं।** बैशाख ३० गते सातवटै प्रदेशमा रहेका स्थानिय तहको एकै पटक निर्वाचन हुँदैछ। निर्वाचन आयोगको तयारी र विभिन्न दलहरूको दौडधुपका बीच यो निर्वाचन पक्का भएको छ। बैशाख ३० गते हुने निर्वाचनमा हामीले प्रदेश नम्बर १ र मधेस प्रदेशको चुनावी अवस्था र परिणाम आंकलन समिक्षा गरेका थियौं। यो पटक हामी बागमती प्रदेशको चुनावी रौनक, दलहरूको अपेक्षा र हाम्रो अनुमान र विश्लेषण गर्नेछौं। वागमती प्रदेश नेपालको राजधानी प्रदेश पनि हो। वाग्मतीका ४५ नगरपालिका र ७४ गाउँपालिका तथा ३ महानगर पालिका काठमाडौ, ललितपुर र भरतपुरसहित एक उप-महानगरपालिका हेटौंडा पर्दछन्।

गौरीशंकर हिमालदेखि पहाडी क्षेत्र हुँदै भारतको सिमानासम्म फैलिएको यस प्रदेशमा साबिक १३ जिल्लाहरू पर्छन्। २०७४ को निर्वाचनमा एक महानगरपालिका, एक उप-महानगरपालिका, २९ वटा नगरपालिकासहीत ३४ गाउँपालिका जित्दै नेकपा एमाले प्रदेशमा पहिलो पार्टी भएको थियो।

एमालेले यस प्रदेशमा महानगर, उप-महानगर, नगर र गाउँपालिकासहित कुल ६५ स्थान जितेको छ। यस्तै प्रदेशमा नेपाली कांग्रेसले एउटा महानगरपालिका, ८ वटा नगरपालिका र २५ वटा गाउँ पालिकामा जित हासिल गरी दोस्रो स्थान लिएको छ। एउटा महानगर, ८ वटा नगरपालिका र २५ वटा गाउँ पालिका गर ी कूल ३४ वटा स्थानीय तह नेपाली कांग्रेसको पोल्टामा गएको देखिन्छ।

त्यस्तै माओवादी केन्द्रले एउटा महानगर, तीन नगरपालिका र १३ गाउँ पालिकामा निर्वाचित भई तेस्रो स्थान हासिल गरेको थियो। माओवादीले जितेको कुल स्थानीय तह २० हो। यस प्रदेशस्थित भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टी, धादिङको एउटा गाउँ पालिका रापप्रा र रसुवाको एउटा गाउँ पालिका नयाँ शक्ति पार्टी (हाल जसपा)ले जितेका छन।

प्रदेशमा पर्ने १३ जिल्लामध्ये काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काठमाडौं, भक्तपुर, धादिङ, चितवन र मकवानपुर जिल्लामा जितेको देखिन्छ। नुवाकोट, सिन्धुली, ललितपुरसहितका जिल्लामा एमाले कमजोर देखिन्छ। नगरपालिकाको परिणाम हेर्दा धेरै नगरपालिकाको परिणाम एमालेको पक्षमा गएको थियो। काठमाडौं महानगरपालिका, हेटौंडा उप-महानगरपालिकाको चुनावी परिणाम पनि एमाले कै पक्षमा गएको थियो। कांग्रेसको पक्षमा ललितपुर र नुवाकोट थियो।

माओवादीको पक्षमा आएको परिणाम हेर्दा भरतपुर महानगरबाहेक जहाँ जनयुद्धको समय धेरै रापताप परेको थियो। ती ठाउँहरूमा माओवादीको पक्षमा परिणाम आएको देखिन्छ। भरतपुरको माडी नगरपालिका, मकवानपुरको थाहा, सिन्धुपाल्चोकको चौतारा, रामेछापको दोरम्बा, सुनापाती, सिन्धुलीको सुनकोसी, मरिणमा माओवादी अब्बल देखिएको थियो।

***आउादो निर्वाचनको विवेचना :***

विसं २०७४ को स्थानीय निर्वाचनमा वागमती प्रदेशमा नेकपा एमाले पहिलो हुनुमा उतिबेला एमाले विवादरहित र सग्लो थियो। भुकम्पपछि भारतले गरेको नाकाबन्दी र नेपाली नागरिकले कठिन परिस्थितिका बाबजुद भारतसग झुक्न हुन्न भन्ने प्रण गरेका थिए। त्यो बेला ओली सत्तामा थिए र जबर्जस्त राष्ट्रवादीको पगरी पाएका थिए। यद्यपि ओली भारत विरोधी थिएनन् काकतालीले राष्ट्रवादी हुन पुगेका थिए।

तत्कालीन समयमा माओवादीको संगठन व्यवस्थित नहुनु र टुटफुटको सामना गर्नु परेको समय जस्ता कारणले गर्दा नेकपा एमाले २०७४ को स्थानीय निर्वाचनमा पहिलो भएको देखिन्छ। तर विसं २०७४ बाट २०७८ सम्म आउँदा वाग्मतीमा धेरै पानी बगिसकेको छ। अहिलेसम्म आउँदा उतिबेलाजसे सग्लो एमाले छैन। नेकपा एमाले पार्टी निर्माण गर्ने माधवकुमार नेपाल लगायत धेरै नेताहरूले अर्को पार्टी गठन गरिसकेका छन। धेरै मानिसहरू अहिले माधवकुमार नेपालले गठन गरेको नेकपा (एकिकृत समाजवादी) तिर लागि सकेका छन्। ओली तल्लो संगठन भत्किएको छ। माधवकुमार नेपालको समाजवादीले एमालेलाई हराउने मत आफूहरूसँग प्रयाप्त रहेको बताउँदै आएको छन्।

माओवादी र एमाले एकीकरण पश्चात करिब दुई तिहाइ बहुमतको नेतृत्व गरेका ओलीलाइ आफू सत्तामा रहन कम्युनिस्ट पार्टीको विभाजनमा मुख्य भुमिका खेलेको र नेपालको कम्युनिस्ट आन्दोलन ध्वस्त पारेको आरोपको सामना पनि यो स्थानीय तहको निर्वाचनमा एमालेले गर्नुपर्ने छ। विसं २०७४ को स्थानिय निर्वाचनमा एमालेबाट निर्वाचित धेरै जनप्रतिनिधि समाजवादी तिर लागेको क्षतिपूर्ति पनि एमालेले पूरा गर्नुछ। यति मात्रै नभएर ओलीले आफू सत्तामा नटिक्ने भएपछि असंवैधानिक तवरले दुई दुई पटक संसद विघटन गरि संविधान मिच्ने कार्य गरेको र कुटनैतिक मर्यादा बिर्सेर 'र' का एजेण्टलाई भेटी मुलुक विरुद्ध गतिविधिमा संलग्न भएको पनि नागरिकहरूले बिर्सेका छैनन्।

खासगरी माधवकुमार नेपालको टिमले एमाले छाडेपछि एमाले विचारहीन पार्टी भएको छ। मुखमा जवज र वृद्ध भत्ताभन्दा बाहेक जनतामा लाने एजेण्डा एमालेसँग अरु केही छैन।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं